निद्राजन्य विकारको चुनौतीसंग लड्न सचेतना... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १८८ • २०८२ साल मंसिर २१ गते आइतबार (7 December, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मुख्यमन्त्री यादवको शपथग्रहण आज

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्रीमा कृष्णप्रसाद यादवले आइतबार शपथग्रहण गर्ने भएका छन् ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले नवनियुक्त यादवलाई आइतबार विहान शपथग्रहण गराउने कार्यक्रम रहेको जनाइएको छ ।

विभिन्न घटक दलहरुले दुई/दुई वटा मन्त्रालयमा दाबी गर्न थालेपछि मुख्यमन्त्री यादवले आइतबार बिहान सात बजे सात दलीय गबठन्धनको बैठक बसेर टुंगो लगाइने स्रोतले जनाएको छ ।

तर गठबन्धनमा रहेका घटक दलले भने अझैसम्म पनि मन्त्रालय र मन्त्रीका लागि कसैको पनि नाममा निर्णय हुन नसक्दा मन्त्रिमण्डल विस्तारमा ढिलाइ हुने बताइएको छ ।

यद्यपि मुख्यमन्त्री यादवसँगै विनाविभागीय मन्त्रीका रुपमा शपथ ग्रहणको लागि पनि आन्तरिक थालिएको स्रोतको भनाइ छ ।

नवनियुक्त मुख्यमन्त्री यादवलाई कांग्रेस, जसपा नेपाल, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी, जनमत पार्टीका प्रदेश सांसद गरी ७७ जनाको समर्थन रहेको छ ।

### मधेशबाट नयाँ सत्तासमीकरणको अध्याय शुरु

# नयाँ समीकरण अब सबै प्रदेशमा देखिने: संयोजक प्रचण्ड

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले मधेश प्रदेशमा बनेको नयाँ सत्तासमीकरण अन्य प्रदेशमा पनि देखिन सक्ने बताएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित नेपाली कम्युनिष्ट पार्टी मधेश प्रदेशस्तरीय एकता सन्देशसभामा बोल्दै संयोजक प्रचण्डले मधेश प्रदेश सरकार गठनका क्रममा तथाकथित समीकरण तोडिएर नयाँ समीकरण बनेको भन्दै मधेशबाट शुरु भएको नयाँ समीकरण अब सबै प्रदेशमा देखिने दाबी गरे ।




पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले मुलुकमा गणतन्त्र स्थापित भएपछि पनि जनताको जीवनस्तरमा परिवर्तन नआएकाले जेन- जी आन्दोलनले सबैलाई आत्मसमीक्षा गर्दै शुद्धीकरणका लागि नयाँ अवसर दिएको बताए ।

जने- जी आन्दोलनपछि नयाँ ढंगले रुपान्तरणका साथै मुलुकको विकासमा लाग्न बृहत एकता गरिएको उनले बताए । संयोजक प्रचण्डले सबै जनताको एकताले मात्रै प्रतिगमन र प्रतिक्रियावादीलाई परास्त गर्दै मुलुकलाई अघि बढाउन सकिने बताए । उनले यसको नेतृत्व नेकपाले गर्ने दाबी गरे । एमालेभित्र रहेका वामपन्थी र क्रान्तिकारीका साथै अन्य कम्युनिष्ट पार्टीहरुलाई पनि नेकपामा एकताबद्ध गर्दै लैजाने बताउँदै उनले मधेश प्रदेशका महत्वपूर्ण विकास आयोजनाहरु कम्युनिष्ट पार्टीको नेतृत्वको सरकारले शुरु गरेकाले त्यसलाई निष्कर्षमा पुऱ्याउने काम पनि कम्युनिष्ट सरकारले नै गर्ने जिकिर गरे । त्यस्तै नेकपाका सहसंयोजक माधवकुमार नेपालले जेन- जी पुस्ताले पनि नेकपामाथि विश्वास गरेको दाबी गरे ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका सहसंयोजक नेपालले एसिड पीडित मुस्कान खातुन जस्ता युवा नेकपामा आएको र अझै थुप्रै जेन- जी पुस्ताका नेताहरू पार्टीमा जोडिएको बताए । उनले देशभर जेन- जी युवाको आकर्षण नेकपाप्रति बढेको दाबी गर्दै नेपाली जनताको अधिकार पूरा गराउन नेकपा अगाडि बढिसकेको बताए ।

सहसंयोजक नेपालले जेन- जी पुस्ताको माग जायज भएको र ती मागहरू पूरा गराउन नेकपा निर्माण भएको बताए । उनले नेपाललाई समृद्ध बनाउन सबै एकीकृत हुनुपर्ने कुरामा जोड दिए ।

सहसंयोजक नेपालले सिरहा र जनकपुरधाम आफ्नो मामाघर रहेको बताउँदै धनुषा जिल्लाको गाउँगाउँबारे आफूलाई जानकारी रहेको बताए । नेपालले नेकपाले मधेशको मुक्तिका लागि संघर्ष गर्दैछ र यसले नै मुक्ति दिलाउने विश्वास गर्न आग्रह गरे । उनले ज्येष्ठ नागरिक, दलित र मुस्लिमका लागि आवाज उठाउने पार्टी आफूहरूको पार्टी रहेको बताउँदै जनकपुरको इज्जतका लागि आफ्नो पार्टीले काम गरेको बताए ।

उनले कुनै पनि नेपाली रोजगारीका लागि विदेश जान नपरोस्, सबैले शिक्षा, स्वास्थ्य र रोजगार पाउन् भन्ने उद्देश्यका साथ कम्युनिष्ट पार्टीहरू एकीकृत भएको दाबी गर्दै नेकपाप्रति नेपालीहरूको आकर्षण बढेको बताए ।

त्यसैगरी नेकपाका नेता झलनाथ खनालले समाजवाद स्थापनाका लागि सबै कम्युनिस्ट एकैठाउँमा आउनुपर्ने बताए ।

२०६२/०६३ मा भएको जनआन्दोलन पूँजीवादी आन्दोलन भएको र त्यो आन्दोलनले मजदुर र श्रमिकको अधिकार सुनिश्चत गर्न नसकेको उनले बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेता खनालले देशमा जति आन्दोलन भए पनि उत्पीडित जनसमुदायमाथि विभेद नहटेको उनले बताए । पूँजीवादी लोकतन्त्र विश्वमै थोत्रो भइसकेकाले नेकपा समाजवादी लोकतन्त्रका लागि अगाडि बढिसकेको उनको भनाइ थियो ।

त्यसका लागि देशका सम्पूर्ण कम्युनिस्ट पार्टीलाई एकता गर्न आफूहरू लागेको नेता खनालले बताए । उनले देशमा सबै कम्युनिस्ट पार्टी एक नभएसम्म यो देश स्वर्ग बन्न नसक्ने पनि दाबी गरे ।

त्यस्तै नेकपाका नेता नारायणकाजी श्रेष्ठले मधेशी जनताको अधिकार सुनिश्चित गर्न मधेशवादी दलहरू सक्षम नरहेको दाबी गरे । नेकपाले मात्र मधेसीको अधिकार सम्पन्न गर्न सक्ने उनले बताए ।

पूर्वउपप्रधानमन्त्री श्रेष्ठले देशका सम्पूर्ण कम्युनिस्ट शक्तिलाई एकताबद्ध हुन पनि आह्वान गरे । उनले वर्तमान एकता केवल प्रस्थान बिन्दु भएको र सबै कम्युनिस्टहरू एक हुनुको विकल्प नभएको स्पष्ट पारे ।

उनले आसन्न चुनावमा विजय हासिल गर्ने यो संकल्प लिने बेला आएको पनि उल्लेख गरे ।

नेपालको सम्पूर्ण कम्युनिस्टलाई एकता गर्ने यो महत्वपूर्ण प्रस्थान बिन्दु भएको उनको भनाइ थियो । जनकपुरधाममा भएको एकता सन्देशसभामा नेता, कार्यकर्तासहित आमजनको उल्लेख्य सहभागिता रहेको थियो ।

# मधेश प्रदेश: ८ वर्षमा पाँच जिल्लाका ६ मुख्यमन्त्री



लालबाबु राउत | सरोज कुमार यादव | सतिश कुमार सिंह | जितेन्द्र प्रसाद सोनल | सरोज कुमार यादव | कृष्ण प्रसाद यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा प्रदेश निर्वाचनको दुई कार्यकालको ८ वर्ष भएको छ । मधेश प्रदेशमा रहेको ८ जिल्ला मध्ये सो अवधिमा ५ जिल्लाबाट ६ जना मुख्यमन्त्री भइसकेका छन् ।

पर्सा जिल्लाबाट लालबाबु राउत प्रथम मुख्यमन्त्री बनेका थिए । उनी पाँच वर्षे कार्यकाल सफलतापूर्वक पूरा गरे । दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री बारा जिल्लाबाट सरोज कुमार यादव बने । उनी पनि जनता समाजवादी पार्टी(जसपा) नेपालका थिए । तेस्रो मुख्यमन्त्री सप्तरी जिल्लाबाट सतीश कुमार सिंह बने । उनी जनमत पार्टीका थिए । चौंथो मुख्यमन्त्री बारा जिल्लाबाट नै लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका सांसद जीतेन्द्र सोनल बने । पाँचौ मुख्यमन्त्रीको रुपमा महोत्तरी जिल्लाबाट नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादव बने । हाल रौतहट जिल्लाबाट नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव छैठौं मुख्यमन्त्री नियुक्त भएका छन् ।

पछिल्लो पटक २ महिनामा ३ जना मुख्यमन्त्री हटेर चौथो मुख्यमन्त्री यादव बनेका छन् । मधेश प्रदेश सभाको दोस्रो कार्यकालमा सभामुख पनि पदमुक्त भएका छन् । दोस्रो सभामुखको चयन हुन बाँकी छ ।

संघीयताको जननी रहेको दाबी गरिने मधेश प्रदेशको पहिलो कार्यकाल अत्यन्त व्यवस्थित र उत्साहप्रद रहेको देखिन्छ । तर दोस्रो कार्यकालमा भएको राजनीतिक उथलपुथलले प्रदेशको संरचनालाई नै अनावश्यक भएको बताउनेहरुलाई बल पुऱ्याउन थालेको छ ।

मधेश प्रदेशको पहिलो पञ्चवर्षीय कार्यकालमा एकजना मुख्यमन्त्री लालबाबु राउत र एकजना सभामुख सरोज कुमार यादव रहे ।तर दोस्रो कार्यकालमा सबै थोक द्रुतगतिले बदलिएको छ ।

आमनिर्वाचनपछि जसपा नेपाल संसदीय दलका नेता सरोज कुमार यादवको नेतृत्वमा सरकार गठन भयो । संविधानको धारा १६८(२)बमोजिम गठन भएको सो सरकारमा नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा), एकीकृत समाजवादी, जनमत पार्टी र माओवादी सहभागि थिए ।

तर सत्तामै रहेकै केही दलहरुले सरकार ढाल्न भारतको बिहार राज्यको सुरसण्डमा गोप्य बैठक गरे । सरकारलाई विश्वासको मतमा अनुपस्थित रहने रणनीति बनाएका सांसदहरुले गोपनियता कायम राख्न सकेनन् । त्यसकारण तत्कालिन मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेश सभामा बहुमत सिद्ध गर्न सफल भए ।

तर उनी दोस्रो पटक प्रदेश सभामा बहुमत सिद्ध गर्न असफल भए र ,उनको सरकार खस्यो । मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यास गर्ने क्रममा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सीके राउतबीच प्रतिष्ठाको लडाइ भएपछि जनमत पार्टी सरकारबाट बाहिरिएको थियो । त्यसपछि जनमत पार्टीले संसदीय दलका नेता महेश यादवलाई मुख्यमन्त्री नबनाएर सांसद सतीश कुमार सिंहको नेतृत्वमा सरकार बनाए । त्यसमा नेकपा एमाले, नेपाली कांग्रेस, लोसपा सहभागी भए ।

> **मधेश प्रदेशको पहिलो पञ्चवर्षीय कार्यकालमा एकजना मुख्यमन्त्री लालबाबु राउत र एकजना सभामुख सरोज कुमार यादव रहे ।तर दोस्रो कार्यकालमा सबै थोक द्रुतगतिले बदलिएको छ ।**

सिंह नेतृत्वको सरकारलाई जनमत पार्टीकै अग्रसरतामा ढाल्ने काम भयो । सत्ता साझेदार अन्य दलहरुले सरकारलाई जोगाउने हरसम्भव प्रयास गरिरहेपनि जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई प्रदेश सभा बैठकमा राजिनामा दिन बाध्य बनाए । आफ्नै दलका सांसदहरुको असहयोगको कारण मधेश प्रदेशमा पहिलो पटक सरकार ढल्यो ।


सिंहको सरकार ढलेपछि नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा सरकार गठन गर्ने सहमति गरेको जनमत पार्टीले रातारात निर्णय फेर्दै लोसपाका सांसद जितेन्द्र सोनलको नेतृत्वमा सरकार बनाउन तयार भए ।

लोसपाका नेता सोनल नेतृत्वको सरकार पनि २५ दिनमै ढल्यो । सोनलले विश्वासको मत लिने बखत सत्ता साझेदार माओवादी र जनमत पार्टीका २ २ जना गरी ४ जना मतदानमा सहभागी नहुने भएपछि सोनलले बाध्य भइ राजीनामा गर्नु परेको थियो । मत विभाजनको प्रक्रिया प्रारम्भ हुनु अगावै उनले पदबाट राजीनामा दिएको घोषणा गरे ।

सोनलको राजीनामा स्वीकृत भएपछि मधेश प्रदेशमा फोहरी राजनीति प्रारम्भ भयो । तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले ७३ जना सांसदहरुको हस्ताक्षर सहित सरकार बनाउन दाबी पेश गरेका सोनललाई मौका नदिइ गुपचुप रुपमा संविधानको धारा १६८(३) बमोजिम नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरिन् । तर उनले मधेश प्रदेश भवन अथवा प्रदेशको राजधानी जनकपुरधामको कुनै सार्वजनिक स्थानमा सार्वजनिक रुपमा सपथ नगराइ महोत्तरी जिल्लाको बर्दिवासको एउटा होटेलमा अँध्यारोमा सपथ गराएर मधेश प्रदेश छाडेकी थिइन् ।

यादवको नियुक्तिलाई गैरकानुनी भन्दै ७३ जना सांसद सर्वोच्च अदालत पुगे । सर्वोच्च अदालतको परमादेशपछि २४ घण्टा भित्र मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिन सक्ने वातावरण नबनेपछि उनी पनि प्रदेश सभामा राजीनामा घोषणा गरे ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव सात दलको गठबन्धनबाट मुख्यमन्त्री बनेका छन् । उनी दुई महिना भित्र चौथो मुख्यमन्त्रीको रुपमा नियुक्त भएका छन् । उनलाई ७७ जनाको समर्थन रहेको छ । प्रदेश सरकारको अब दुई वर्ष कार्यकाल बाँकी छ ।



# मुआब्जा माग्दै सुख्खा बन्दरगाह ठप्प पार्ने चेतावनी



**टुडे समाचारदाता**

वीरगञ्ज । एक दशक बिते पनि जग्गाको मुआब्जा नपाएकोमा पर्साको सिर्सियावासीले सुख्खाबन्दरगाह ठप्प पर्ने चेतावनी दिएका छन् ।

एक दशकदेखि आफूहरुले जग्गाको मुआब्जा नपाएको भन्दै कडा आन्दोलनको चेतावनी दिएका छन् । वीरगञ्ज महानगरपालिका-२५ स्थित सिर्सियासुख्खाबन्दरगाहविस्तारका लागि सरकारले अधिग्रहण गरेर ९ वर्षदेखि रोक्का राखेको जग्गाको मुआब्जा नपाएका जग्गाधनीहरू पुनः आन्दोलन गर्ने भएका छन् । आफूहरु दशकौं देखि राज्यबाट उपेक्षित भएकोले बाध्य भएर आन्दोलन गर्ने बताए ।

२०७३ सालदेखि अधिग्रहण प्रक्रिया शुरु भए पनि विद्यालय, वस्ती र खेतबारीसहितका ६२ बिघा जग्गा मध्ये करिब सबैको मूल्यांकन भइसके पनि केही जग्गाधनीले अहिलेसम्म मुआब्जा नपाएको गुनासो गरेका छन् ।


मुआब्जा संघर्ष समितिको आह्वानमा सिर्सिया स्थित विद्यालय परिसरमा बसेको स्थानीयहरुको बैठकले सरकारलाई एक साताको अल्टिमेटम दिने र माग सम्बोधन नभए ड्राइपोर्ट भन्सार कार्यालयको मुख्य प्रवेशद्वारमा चरणबद्ध आन्दोलन गर्ने निर्णय गरिएको छ ।

संघर्ष समितिका अध्यक्ष अशोक चौधरीका अनुसार रोक्का गरिएको जग्गा र संरचनाहरूको मूल्यांकन भइसके पनि सबैलाई क्षतिपूर्तिको रकम वितरण नभएकाले स्थानीय बासिन्दा ठूलो समस्यामा परेका छन् ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीका अनुसार ६२ विघामध्ये ५१ विघा जग्गाको मुआब्जा वितरण भइसकेको जनाए । बाँकी १७ कट्ठा जग्गामा आपसी विवाद र स्ववासी २ विघा जग्गा मुआब्जाको पहल भइरहेको उनले बताए ।

उक्त स्वबासी जग्गामा ८४ घरधुरी बसोबास गर्दै आए पनि लालपूर्जा नभएकाले उनीहरूले तत्काल मुआब्जा पाउन नसक्ने र यस्तो अवस्थामा संघीय मन्त्रिपरिषद्ले नै निर्णय गर्नुपर्ने ज्ञवालीले स्पष्ट पारे । हालसम्म मुआब्जावापत झण्डै ५ अर्ब रुपैयाँ वितरण भइसकेको भन्सार कार्यालयले जनाएको छ । सरकारले प्रतिकठ्ठा २४ लाख ६० हजारदेखि ६७ लाख ७० हजार रुपैयाँसम्म मुआब्जा दर तोकेको छ ।

# डा राउत गंगा आरतीमा सहभागी



**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सिके राउत जनकपुरधामको गंगा आरतीमा सहभागी भएका छन् । जनकपुरधाममा शनिबार आएका आफनो राष्ट्रिय टिम सहितको टोली आरतीमा सहभागी भएका हुन् ।

गंगा आरतीमा उपस्थित पार्टीका नेताहरुले विधिपूर्वक पूजा-अर्चना गर्दै राष्ट्र, प्रदेश र जनताको हित, समृद्धि तथा सु-शासनको लागि आशीर्वाद ग्रहण गरेका थिए । धार्मिक, सांस्कृतिक र सामाजिक एकताको सन्देश दिन तथा जनकपुरधामको आध्यात्मिक तथा सांस्कृतिक महत्व उजागर गर्न गगां आरतीमा सहभागी भएको डा राउतले प्रतिक्रिया दिएका छन् ।

गंगा आरतीमा उपाध्यक्ष तथा संगठन विभाग प्रमुख जयकान्त राउत, उपाध्यक्ष बसन्त कुशवाहा, महासचिव चन्दन सिंह, सचिव संजय यादव, नेतृ अनिता साह, मधेश प्रदेश संसदीय दलका नेता तथा पूर्व मन्त्री महेश यादव सहित जनमत पार्टीका अग्रज एवं सक्रिय नेताहरु सहभागी भएका थिए । जनकपुरधामको गंगा सागरमा हरेक सांझ संचालन गरिने गंगा आरती पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण बन्दै गएको छ ।

प्रदेश सांसद रामअशिष यादवको अगुवाईमा गंगा सागर पोखरी सरसफाई गरी सुरु गरिएको गंगा आरतीले जनकपुरधाममा आउने आन्तरिक तथा वाह्य पर्यटकहरुको लागि आकर्षणको केन्द्र बन्दै गएको छ । सेभ द हिस्टोरिकल जनकपुरले संचालन गर्दै आएको गंगा आरतीले मधेश प्रदेशका विभिन्न पोखरीहरुमा आरती सुरु गराएर क्रान्तिनै सुरु गरिदिएको छ ।

# रास्वपाद्वारा रेपिड एक्सन टिम गठन




**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रीय स्वतन्त्र पार्टी (रास्वपा) पर्साले जिल्ला स्तरिय रेपिड एक्सन टिम गठन गरेको छ । वीरगञ्जमा शनिबार रास्वपाले एक भेलाको आयोजना गरी पर्सा जिल्ला रेपिड एक्सन समिति गठन गरेको छ ।

कृष्णा नन्द ओझाको नेतृत्वमा गठन गरिएको २२ सदस्यीय रहने गरी समिति गठन गरेको छ । जसको उपप्रमुखमा शिवराज पटेल, सचिवमा रोहन कुमार साह तेली, सहसचिवमा सुनिल पटेल र विक्की कुमार ओझा रहेका छन् ।

त्यसैगरी सदस्यहरुमा प्रियांशु कुमार साह, मुन्ना ठाकुर, श्रवण पटेल, योग कुमार राय, अर्जुन सरार्फ, सन्तोष पटेल, अरविन्द कुमार गुप्ता, अब्बास आलम, राहुल चौबे, सनोज कुमार गुप्ता, सुनिल राउत, कुन्दन पासवान, दिनेश हजरा, दिलीप पासवान र सुदन हजरा रहेका छन् ।

उक्त कार्यक्रममा रास्वपा पर्सा सभापति हरी पन्तले रेपिड एक्सन टिम पार्टीको महत्वपूर्ण युवाहरुको दास्ता भएकोले अनुशासित भएर आम जनताको सुखदःखमा सहभागी हुन आग्रह गरे । उनले आसन्न निर्वाचनमा युवा दस्ताको रचनात्मक र महत्वपूर्ण भूमिका रहेको बताउँदै अहिले देखि आफ्नो अभियानमा होमिन आह्वान गरे ।

# ज्यान जोखिममा राखेर विद्यालय पुग्छन् विद्यार्थी



काठमाण्डु । ओखलढुङ्गाको ढेबुवाका स-साना विद्यार्थीहरू 'रबरबोट' को भरमा दैनिक सुनकोशी नदी पार गरेर सिन्धुलीका विद्यालयमा पढ्न जान बाध्य छन् । ओखलढुङ्गाको सुनकोशी गाउँपालिका-१ र सिन्धुलीको फिक्कल गाउँपालिका-६ जोड्ने झोलुङ्गे पुल गत वर्ष असोजको बाढीले बगाएपछि ढेबुकाका २६ जना विद्यार्थी रबरबोट चढेर जोखिम मोल्दै सुनकोशी नदी पार गरेर पढ्न जान बाध्य भएका हुन् ।

गाउँमा राम्रो पढाइ हुने विद्यालय नभएका कारण ढेबुवा र जेरुङ्घाटका विद्यार्थीहरू छिमेकी जिल्ला सिन्धुलीको फिक्कल गाउँपालिकाका रत्न गङ्गा मावि र आधारभूत विद्यालय राईगाउँ तीनखण्डेमा पढ्दै आएका छन् । बाढीले पुल बगाएपछि विद्यार्थीहरू लामो समय पढाइबाट वञ्चित भएका थिए । केही समय अगाडि गृहमन्त्रालयबाट बोट ल्याएर पालिकाको व्यवस्थापनमा सञ्चालन गरेर विद्यार्थीलाई सुनकोशी तार्ने गरिएको रत्न गङ्गा माविका विव्यस अध्यक्ष रोशन भण्डारीले बताउनुभयो । बोटबाट विद्यार्थी तार्ने काम जोखिमपूर्ण र अस्थायी भएकाले स्थायी समाधानका लागि पुल निर्माणको माग गरिएको उहाँको भनाइ छ ।

ओखलढुङ्गाका जनप्रतिनिधिले आफ्ना क्षेत्रका विद्यार्थीको समस्या समाधानमा पहल नगरेको उहाँको भनाइ छ । "अर्को जिल्ला, अर्को प्रदेशका विद्यार्थी भए पनि हाम्रो विद्यालयमा पढ्ने बालबालिका गत असोजको बाढीले पुल बगाएपछि पढाइबाट वञ्चित भए । लामो समयसम्म त्यो जिल्लाका सांसद रामहरि खतिवडा र सुनकोशी गाउँपालिकाका अध्यक्ष कमल तामाङसँग समन्वय गर्न खोजियो तर उहाँहरूले वास्ता नगरेपछि गृहमन्त्रालयबाट रबरबोट ल्याइयो, फिक्कल गाउँपालिको व्यवस्थापनमा बोट सञ्चालन गरेर विद्यार्थीलाई विद्यालय ल्याउने लैजाने गरिएको छ", विव्यस अध्यक्ष भण्डारीले भन्नुभयो, "जोखिमपूर्ण अवस्था छ तर विकल्प छैन, त्यसैले दिगो समाधान भनेकै ढेबुवा र तीनखण्डे जोड्ने पुल निर्माण हो त्यसका लागि पनि हामीले माग गरिरहेकका छौँ ।" उहाँका अनुसार सुनकोशी पारिका विद्यार्थीलाई मौसम हेरेर नदीमा बाढी आउने-नआउने आकलन गरेर विद्यालय ल्याउनुपर्ने र दिउँसो बाढी आए त्यो बेलुका सिन्धुलीमै बसोबासको प्रबन्ध मिलाउने गरिएको छ ।

विद्यार्थी ओसारपसारका लागि सुनकोशीमा बोट चलाउन फिक्कल गाउँपालिकाले सुरुदेखिनै एक जना कर्मचारी राखेको थियो । सुनकोशी गाउँपालिकाले पनि एक जना कर्मचारी राखेर तलब दिने आश्वासन दिएको छ ।


बाढीले पुल बगाएपछि विद्यार्थीलाई विद्यालय ल्याउन अस्थायी विकल्पका रूपमा रबरबोट सञ्चालन गरिए पनि तीनखण्डेमा पुल निर्माणको पहल भइरहेको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालले बताउनुभयो । तालिमप्राप्त कर्मचारी राखेर रबरबोट सञ्चालन गरी छिमेकी जिल्लाका विद्यार्थीलाई विद्यालय जाने र त्यस क्षेत्रका स्थानीय नागरिकलाई समेत नदी पार गर्न सहयोग गरिएको उपाध्यक्ष बरालको भनाइ छ ।

"हाम्रो बाध्यता र कार्यक्षेत्रभित्रको समस्या होइन यद्यपी छिमेकी जिल्ला भएपछि र विगतदेखि हाम्रै विद्यालयका विद्यार्थी भएकाले ती अबोध बालबालिका लामो समय पढाइबाट वञ्चित भएको देखेर वैकल्पिक व्यवस्था गरी विद्यालय ल्याउने र घर फर्काउने गरिएको छ", उपाध्यक्ष बरालले भन्नुभयो, "तीनखण्डेमा पुल निर्माणको पहल गरिरहेका छौँ । सबैको काम पनि भइसकेको छ तर सरकार परिवर्तन भएसँगै यो योजना ओझेलमा परेको छ ।" पुल निर्माणका लागि निरन्तर पहल गरिरहेको उहाँको भनाइ छ ।

सुनकोशीनदीकिनारमाबिहान ५:०० बजेदेखि नै विद्यार्थीहरू भेला हुन्छन् । बालकक्षादेखि १२ कक्षासम्म पढ्ने विद्यार्थी भएकाले एसइईको तयारीमा रहेका विद्यार्थीहरू बिहान कोचिङ पढ्न आउने र अन्य विद्यार्थी ९:०० बजे सुनकोशी किनारमा आउने गरेका छन् । विद्यार्थी तार्न तीन वटा बोट राखिएको छ । जोखिमपूर्ण हुने भएकाले उमेर समूह अनुसार पालैपालो बोटमा राखेर सुरुमै अनुशासनमा बस्न, नहल्लीन, नचल्न निर्देशन दिएर नदी तारिन्छ ।

बाढीले पुल बगाएपछि १० मिनेटको बाटो दुई घण्टा लगाएर छिमेकी जिल्ला विद्यार्थीहरू घुमेर विद्यालय आउनुपर्ने बाध्यता अन्त्य गर्न बोट सञ्चालनपछि सहज भएको फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर रजनमगरले जानकारी दिनुभयो । बोटमा आउने कोशीपारिका विद्यार्थीलाई विशेष प्राथमिकतामा राखेर दिवाखाजा, छात्रवृत्तिजस्ता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको उहाँको भनाइ छ ।रासस

# यस वर्ष पहिचान सम्मानबाट साहित्यकार काइँला पुरस्कृत




काठमाण्डु । पहिचान पुरस्कार कोषले यस पहिचान सम्मानबाट साहित्यकार, मुन्धुमविद् एवं नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँला पुरस्कृत गर्ने भएको छ ।

काइँलाले नेपाली साहित्य, किराँत संस्कृतिलगायत क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै नगद रु पाँच लाख दुई हजार दुईसहित ताम्रपत्रले सम्मान गर्ने निर्णय गरिएको कोषका संस्थापक नरेश काङमाङ राईले राससलाई जानकारी दिनुभयो ।

यसैगरी, पहिचानको आन्दोलन र लेखनमा दिइरहनुभएको योगदानको कदर गर्दै यस वर्ष पहिलो पहिचान युवा सम्मान गणेशकुमार राई 'गीलु रातोस' लाई प्रदान गरिने भएको छ । नगद रु ५० हजार २०२ र ताम्रपत्रसहित उहाँलाई युवा सम्मान दिने कोषले जनाएको छ । पुरस्कार दिने मिति पछि तय गरिने कोषले जनाएको छ ।रासस

# प्राध्यापक मुकेश यादव पक्राउ




**टुडे समाचारदाता**

वीरगञ्ज । विद्यालयका शिक्षक नै नक्कली परीक्षार्थी बनेर परीक्षा दिएको आरोपमा पक्राउ परेका छन् । आफ्नो श्रीमतीको ठाउँमा परीक्षा दिइरहेका प्राध्यापक मुकेश यादव पक्राउ परेका छन् ।

वीरगंजस्थित गोल्डेन फ्यूचर सेकेण्ड्री स्कूलमा शनिबार शिक्षक सेवा आयोगको अध्यापन अनुमति पत्रको परिक्षाबाट यादव पक्राउ गरेका हुन् ।


प्राध्यापक यादव श्रीमती रेणु कुमारी यादवको ठाउँमा निम्न माध्यमिक तहको अनुमति लाइसेन्स परीक्षा दिन पुगेको बेला उनलाई पक्राउ गरिएको छ ।

# रासायनिक मलको जथाभावी प्रयोगले माटोको उर्वराशक्ति घट्दै

काठमाण्डु । रासायनिक मलको असन्तुलित प्रयोगले बाँकेमा माटोको अवस्था बिग्रिँदै गएको छ । उत्पादन बढाउने नाममा जथाभावी रासायनिक मल प्रयोग गरिँदा यहाँका माटोको उर्वराशक्तिमा ह्रास आउँदै गएको माटो तथा मल परीक्षण प्रयोगशाला खजुराका माटो विज्ञ खिमबहादुर केसीले बताउनुभयो ।

निःशुल्क माटो जाँच शिविरको प्रतिवेदनले माटोमा क्षारीयपन बढी रहेको पाइएकाले माटोको उर्भरशक्ति कमजोर बन्दै गएको उहाँको भनाइ छ । माटोमा नाइट्रोजन, फस्फोरस र पोटासको मात्रासमेत कम देखिएको जनाउँदै उहाँले यसले उत्पादनमा ह्रास आउने उल्लेख गर्नुभयो ।

"युरिया, डिएपीलगायत रासायनिक मलको अत्यधिक प्रयोग गरिएको पाएका छौँ । रासायनिक मल मनपरी ढङ्गले प्रयोग गरिँदा माटोमा रहने विभिन्न तत्वमा गम्भीर असर परेको छ", उहाँले भन्नुभयो, "प्राङ्गारिक पदार्थ तथा मलको मात्रा नबढाउँदासम्म माटो सुध्रिँदैन, माटोको परीक्षण गरेर रिपोर्टका आधारमा सन्तुलित मात्रामा रासायनिक मलको प्रयोग गर्नुपर्छ ।"



प्राङ्गारिक मलको विकल्पमा किसानले रासायनिक मलको प्रयोग गर्दा उत्पादन घट्नुका साथै माटोको सन्तुलनमा नकारात्मक असर पर्दै गएको प्रयोगशालाका प्रमुख आशीष पाठकले बताउनुभयो । खेतबारीमा पराल जलाउने, रोटाभेटरको प्रयोग गर्ने, प्राङ्गारिक मलको प्रयोग नगरी रासायनिक मल असन्तुलित रूपमा प्रयोग गर्नाले माटोको अवस्था बिग्रिँदै गएर उत्पादकत्व कम हुँदै गएको उहाँको भनाइ छ ।

कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख डा विनोद घिमिरेले माटोको अवस्था सुधार नगरे आगामी पुस्ताले प्राङ्गारिक र जैविक उत्पादनको अनुभव लिन नपाउने जोखिम बढ्दै गएको बताउनुभयो । जिल्लामा माटो परीक्षण निःशुल्क शिविर सञ्चालन गरी गरिएको भए पनि किसानमा उत्साह नदेखिएकाले सचेतना जगाउन आवश्यक रहेकामा उहाँले जोड दिनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| वृष : | आम्दानी समान्य भए पनि ठुलो खाँचो टर्नेछ । विभिन्न अवसर पछ्याउनेछन् । |
| मिथुन : | नयाँ व्यवसाय शुरु गर्ने मौका छ । |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । |
| सिंह : | मन मिल्ने साथी भेटिन्का साथै प्रेमको बन्धन समेत कसिन सक्छ । |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ । |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ । |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ । |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ । |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ । |
| कुम्भ: | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । मानसम्मान पनि पाइनेछ । |
| मीन : | बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बन्ने सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३० बजे

दिउँसो :- ११:४६ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाधाम नगरपालिका-१ धनुषधामस्थित ऐतिहासिक धनुष मन्दिर परिसरमा रहेको भगवान शिवको त्रिशुलमा पताल गङ्गाको जल चढाउँदै श्रद्धालु भक्तजन। विष्णु पुराण अनुसार महर्षि दधीचिको हड्डीबाट बनेको शिव धनुष (पिनाक) सीता स्वयंवरका क्रममा भगवान रामले प्रत्याञ्च चढाउँदा तीन टुक्रा बनेर छुट्टिएपछि मध्यभागको टुक्रा यही झरेको विश्वास छ। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# नेपाल जन स्वास्थ्य संघ मधेशको साधारणसभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल जन स्वास्थ्य संघ, मधेश प्रदेश कार्यसमितिको वार्षिक साधारण सभा सम्पन्न भएको छ।



शनिवार जनकपुरधाममा भएको साधारण सभामा जनस्वास्थ्यप्रति बढदै गएको चुनौती प्रति छलफल भएको छ।

सभा सम्बोधन गर्दै संघका अध्यक्ष अमरेन्द्र रायले जनस्वास्थ्यलाई सुदृढ बनाउने उद्देश्यले सरोकारवालासँग निरन्तर संवाद र सहकार्य आवश्यक रहेको बताए। उनले भने,“हाम्रो उद्देश्य जनस्वास्थ्यका सबै पक्षमा चासो राख्ने व्यक्तित्वहरूसँग छलफल गर्नु र भविष्यका लागि प्रभावकारी योजना बनाउनुपर्ने हो।”

कार्यक्रममा प्रदेशको स्वास्थ्य अवस्थासम्बन्धी छलफल, सेवा प्रवाहमा देखिएका चुनौती र सुधारका उपाय, स्वास्थ्य स्रोतहरूको प्रभावकारी व्यवस्थापन, र संघीय तथा स्थानीय तहसँग सहकार्य बढाउने विषयमा विस्तृत कुराकानी भएको थियो।

सहभागीहरूले जनस्वास्थ्य सेवा अझै क्षेत्रमा केन्द्रित हुनुपर्ने, समुदायस्तरमै स्वास्थ्य शिक्षाको पहुँच बढाउनुपर्ने तथा प्रदेशको स्वास्थ्य संरचना सुधार्न सबै निकाय एकसाथ लाग्नुपर्ने सुझाव राखेका थिए। कार्यक्रममा उपस्थित व्यक्तित्वहरूले संघले आगामी वर्षमा स्वास्थ्य सेवा अभिवृद्धि, सहयोग समन्वय र जनस्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

कार्यक्रममा स्वास्थ्य क्षेत्रमा सक्रिय अधिकारी, विशेषज्ञ, स्वास्थ्यकर्मी तथा सामाजिक अभियन्ताहरूको उपस्थितिले माहोल उत्साहपूर्ण बनेको थियो।

# समावेशी नीति कार्यान्वयनको चुनौतीबारे छलफल

काठमाण्डु। अपाङ्गता भएका व्यक्तिको नीतिसहित यातायात, भौतिक पूर्वाधार तथा संरचनालगायत क्षेत्रमा सहज पहुँच विस्तार हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिनुभएको छ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालद्वारा शुक्रबार ललितपुरमा आयोजित ‘समावेशी नीति तथा पहुँचसहितका कार्यान्वयनका चुनौतीहरू’ विषयक कार्यशालामा सहभागीहरूले राष्ट्रिय नीति, कानुनी संरचना तथा व्यावहारिक चुनौती, पूर्वाधारमा सहज पहुँच, समावेशी नीतिलगायत विषयमा छलफल गर्नुभएको हो।राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष देविदत्त आचार्यको सभापतित्वमा कार्यशालामा अपाङ्गता भएका व्यक्ति, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, सरोकार भएका निकायका प्रतिनिधिलगायत ६० जना भन्दा बढीको सहभागिता थियो।

डाइभर्सिटी, इक्विटी एण्ड इन्क्लुजन स्पेसलिस्ट मनोज गोहीवारले अपाङ्गतासम्बन्धी राष्ट्रिय नीतिहरू, कानुनी संरचना, व्यावहारिक चुनौती, पहुँच विस्तारलगायत विषयमा प्रस्तुतीकरण दिँदै भौतिक संरचनामा सहज पहुँच, समावेशी नीति अवलम्बन गर्नु आजको आवश्यकता भएको धारणा राख्नुभयो। उहाँले नेपालको समावेशी नीति, पूर्वाधार तथा भौतिक संरचना, हाल लागू भएका नीति र कानुन, कानुनी पहुँचसम्बन्धी व्यवस्था, स्थानीय तहमा देखिने व्यावहारिक कठिनाइलगायत विषय सुधार गर्न समावेशी नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

छलफलमा सहभागी युवाले भवन निर्माण संहिताअनुसार पहुँचको अवस्था, यातायात अनुमति, सार्वजनिक सेवामा पहुँच स्तिार, अपाङ्मैत्री भौतिक संरचना, सार्वजनिक पूर्वाधार सुधारलगायत विषयमा समस्या रहेका बताएका छन्। सहभागीहरूले अपाङ्गता भएकाहरूको दैनिकी सहज बनाउन दीर्घकालीन योजनासहित कानुनी पहुँच विस्तार गर्दै अपाङ्मैत्री पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिएका हुन्।

समूहगत छलफलमा सहरी विकास मन्त्रालयका सहसचिव नवराज प्याकुरेल, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी प्रतिनिधि नीरादेवी अधिकारी, अन्तरराष्ट्रिय गैरसरकारी सङ्घ (एआइएन)का समन्वयकर्तालगायतको सहभागिता थियो। छलफलमा सहजकताका रूपमा सरिता लामिछाने हुनुहुन्थ्यो।



कार्यक्रमको समग्र प्रतिवेदन तथा निष्कर्षमाथि नेपाल नेत्रहिन सङ्घका अध्यक्ष शिशिर खनालले विश्लेषण गर्नुभयो। उहाँले नीति, नियम र कार्यान्वयनबीचको असमानता घटाउन सरकारी संयोजन, बहुपक्षीय सहकार्य र स्थानीय तहमा व्यावहारिक सुधार अपरिहार्य रहेको टिप्पणी गर्नुभयो।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष आचार्यले भन्नुभयो, “नेपालमा समावेशी नीतिहरू पर्याप्त छन्, तर इमान्दार पूर्वक कार्यान्वयन भएका छैनन्। अपाङ्गता भएकाहरूको यातायात, सार्वजनिक सेवा, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पहुँच सुनिश्चितता हाम्रो सामूहिक जिम्मेवारी हो। युवाको आवाज, नेतृत्व र संरचनागत सुधारले परिवर्तन सम्भव छ।”

फेयरमेडको आयोजनामा भएको कार्यक्रममा एआइएन, पिपुल इन निड (पिआइएन), राष्ट्रिय अपाङ्ग महासङ्घ र ह्यान्डिक्याप इन्टरनेसनल नेपालको सहकार्यमा भएको थियो। सहभागीहरूले सकारात्मक सुधारका लागि बहुपक्षीय छलफल नियमित रूपमा गर्नुपर्ने, प्राविधिक सहयोग बढाउनुपर्ने, सरकारी संयोजन प्रभावकारी बनाउनुपर्नेलगायत सुझाव दिएका छन्।रासस

# नेपाल आँखा अस्पतालद्वारा दूरदराजमा सेवा पुऱ्याउने प्रतिबद्धता

काठमाण्डु । त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले सेवालाई थप गुणस्तरीय बनाउँदै दूरदराजसम्म पुऱ्याउने प्रतिबद्धता जनाएको छ। शनिबार आयोजित अस्पतालको २१औं वार्षिक साधारणसभा अस्पतालका अध्यक्ष डा गोपालप्रसाद पोखरेलले आँखा उपचारका क्षेत्रमा विकसित नयाँ प्रविधि भित्र्याउँदै गुणस्तरीय सेवा र भौतिक पूर्वाधार विकासमा उत्तिकै ध्यान दिइएको बताउनुभयो।

अस्पतालले नियमित सेवाबाहेक शल्यक्रिया शिविर र विद्यालय आँखा कार्यक्रम सञ्चालन तथा मधुमेहबाट आँखासम्बन्धी हुनसक्ने रोग पत्ता लगाई उपचार गर्दै आएको छ। अध्यक्ष पोखरेलले भन्नुभयो, “नेपाल आँखा अस्पतालमा विभिन्न विषयका अनुसन्धान सुरु गरिएको छ, हाल नेत्र विशेषज्ञ र दृष्टि विज्ञेषज्ञहरुबाट २४ वटा शोधपत्र तयार गरिँदैछ।”अस्पतालले गत आर्थिक वर्ष २०८१/८२ मा बहिरङ(ओपिडी)तर्फ एक लाख ६४ लाख ५७० जनाको आँखा परीक्षण गरेको थियो भने गहन सात हजार ८०४ सहित १० हजार ३९० शल्यक्रिया गरेको जनाएको छ।




अस्पतालले चालु आर्थिक वर्षमा एक लाख ७७ हजार ५०० लाई बहिरङ सेवा तथा सानाठूलागरी १२ हजार ५३० शल्यक्रिया गर्ने लक्ष्य लिएको छ। हाल अस्पतालमा १६ जना नेत्र विशेषज्ञसहित १४१ जना कर्मचारी कार्यरत छन्। त्यस्तै, अस्पतालका आजीवन सदस्य सङ्ख्या १४१ रहेको छ।

अस्पताल सञ्चालक समितिका सचिव युद्धध्वज सापकोटाले आर्थिक वर्ष २०८१/८२ मा ७५० बिरामीले उपचारमा निःशुल्क र सहुलीयतपूर्ण सुविधा लिएको बताउनुभयो। गैरनाफामूलक सेवामुखी संस्थाका रुपमा ५२ वर्षअघि स्थापित अस्पतालले सरकार र विश्वस्वास्थ्य सङ्गठनको आँखा उपचारको लक्ष्यप्राप्ति गर्न गुणस्तरीय र सर्वसुलभ रुपमा सेवा प्रवाह गर्दै आएको छ।

कोषाध्यक्ष अनिलप्रसाद गोर्खालीले गत आव २०८१/८२ मा अस्पतालको कूल सम्पत्ति तथा जायजेथा रु ७२ करोड ५४ लाख ७५ हजार ४५० पुगेको जानकारी दिनुभयो। त्यस अवधिमा अस्पतालको आम्दानी रु २५ करोड, २५ लाख, ८० हजार ८७४ गरेको थियो। सोही अवधिमा अस्पतालले रु पाँच करोड ४६ लाख ६० हजार ६७६ मूल्य बराबरको मेसिनरी औजार र सवार िसाधन थप गरेको छ।चालु आर्थिक वर्षको प्रस्तावित कार्यक्रमका लागि पुँजीगत खर्चतर्फ रु छ करोड ५१ लाख ४० हजारसहित रु ३४ करोड, ५६ लाख ६२ हजार बजेट खर्चको अनुमान गरेको छ।

उक्त आर्थिक वर्षसम्ममा अस्पतालको विभिन्न वाणिज्य बैंक र मुद्दति खाता तथा अक्षयकोषमा गरी रु ३१ करोड, ३६ लाख ८९ हजार २१४ नगद रकम रहेको कोषाध्यक्ष गोर्खालीले जानकारी दिनुभयो।

काठमाडौँ महानगरपालिकाका पूर्वप्रमुख तथा कार्यसमिति सदस्य राजाराम श्रेष्ठले नेपालको आँखा उपचारका क्षेत्रमा गौरवमय इतिहास रहेको विशिष्टकृत सेवा प्रदान गरिरहेको आँखा अस्पताललाई दक्षिण एशियाकै नमुना अस्पतालका रुपमा विकास गर्न रचनात्मक सहयोगको अपेक्षा गर्नुभयो।

अस्पतालले राजधानी बाहिर अघिल्लो आर्थिक वर्षमा १५ वटा आँखाको निःशुल्क शल्यक्रिया शिविर र रु ३५ लाख बराबरको चस्मा र औषधि उपलब्ध गराएको थियो।

साधारणसभाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, आर्थिक प्रतिवेदन र २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन पारित गरेको छ। अस्पतालको प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाइँले अस्पतालले आगामी आर्थिक वर्षका लागि लिएको नीति तथा कार्यक्रमले अस्पतालको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुग्नेमा विश्वास व्यक्त गर्नुभयो।रासस

# मस्कटमा श्रमिक सचेतना कार्यक्रम सम्पन्न




काठमाण्डु । नेपाली राजदूतावास मस्कटले नेपाली कामदारलाई श्रमिक सचेतना तथा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमको आयोजना गरी आवश्यक जानकारी दिएको छ।

शुक्रबार सम्पन्न कार्यक्रममा नेपाली कामदारलाई दैनिक जीवनमा कृत्रिम बुद्धिमत्ताको प्रयोग, विदेशमा रहँदा शारीरिक तथा मानसिक रुपमा स्वस्थ हुने तरिका, सामाजिक सुरक्षा कोष, ओमानमा गर्न हुने नहुने कार्य, श्रमिक सचेतना र वित्तीय साक्षरताजस्ता विषयमा जानकारी दिइएको थियो।

कार्यक्रममा कामदारलाई सुरक्षित र उत्पादनशील जीवनशैलीका लागि जानकारी दिइएको थियो। सो अवसरमा राहदानी तथा कन्सुलर सेवा सम्बन्धी शिविर सञ्चालन गरिएको थियो। बिदा लिन नसक्ने वा टाढाबाट आउने व्यक्तिलाई लक्षित गरिएको कार्यक्रममा स्थानीय अल सामा अस्पतालको चिकित्सक टोलीले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गरेको थियो। सेवाग्राहीले विदाको दिन यस्तो बृहत सेवा (मुलुक) कार्यक्रम आयोजना गरिएकोमा खुशी व्यक्त गरेका थिए। राजदूत डोरनाथ अर्यालले ओमानस्थित नेपाली सङ्घ संस्थाका प्रतिनिधिको उपस्थितिमा विकास कूटनीतिसम्बन्धी स्थायी समितिको ११औं बैठक सञ्चालन गरिएको जानकारी दिनुभएको थियो। बैठकमा राजदूतावासको भूमिका, नीतिगत सुधार र नेपाली कामदारको उद्धार एवं कल्याणमा सरोकारवालाको पहल, तथा पर्यटन, लगानी, व्यापार र रोजगार प्रवर्द्धनका कार्यक्रम अगाडि बढाउने विषय केन्द्रीत रहेको थियो।

> कार्यक्रममा कामदारलाई सुरक्षित र उत्पादनशील जीवनशैलीका लागि जानकारी दिइएको थियो।

गैर आवासीय नेपाली सोसल क्लबका अध्यक्ष सुरेश खड्काले सम्बन्धित नीति पुनरावलोकन गर्न सुझावसहितको पत्र हस्तान्तरण गर्नुभएको थियो।रासस

# टुकुचालाई सफा बनाउन डेढ करोड लिटर क्षमताको प्रशोधन केन्द्र बन्दै

काठमाण्डु । काठमाडौंको मध्य भाग भएर बग्ने टुकुचा खोलालाई सफा गरी वाग्मतीमा मिसाउन दैनिक रूपमा डेढ करोड लिटर पानी प्रशोधन गर्ने क्षमताको केन्द्र निर्माणाधीन छ।

काठमाडौँको त्रिपुरेश्वर र ललितपुरको कुपण्डोल दोभानमा २.५३ हेक्टरमा प्रशोधन केन्द्र निर्माण भइरहेको हो। एसियाली विकास बैंक (एडिबी)को वाग्मती नदी बेसिन सुदृढीकरण परियोजनामार्फत प्राप्त सहुलितपूर्ण ऋणमा निर्माण भइरहेको प्रशोधन केन्द्रको लागत रु तीन अर्ब १८ करोड छ। केन्द्रको निर्माण आगामी मङ्सिरमा पूरा गर्ने लक्ष्य छ।


टुकुचाको प्रवाहलाई उक्त केन्द्रमा पथान्तरण गरी पानी प्रशोधन भएपछि वाग्मतीमा प्रवाहित गरिने छ। प्रशोधन केन्द्रका सहउत्पादनको रुपमा ८०० किलोवाट विद्युत् पनि त उत्पादन हुने ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङको निजी सचिवालयले जनाएको छ।



हाल त्रिपुरेश्वरतर्फ ढल प्रशोधन केन्द्रका भौतिक संरचना निर्माण भइरहेका छन्भने स्थानीयको अवरोधका कारण ललितपुरतर्फका संरचनाको निर्माण हुन सकेको छैन। ललितपुरमा विद्युत् उत्पादन हुने संरचना मात्र रहनेछन्। मुख्य ढल प्रशोधन गर्ने संरचना भने त्रिपुरेश्वरमा निर्माणधीन छन्।

मन्त्री घिसिङले शनिबार निर्माणधीन प्रशोधन केन्द्रको निरीक्षण गरी निर्माण प्रगतिबारे जानकारी लिनुभयो। त्यस क्रममा उहाँले निर्माणमा संलग्न आयोजना व्यवस्थापन, परार्शदाता र निर्माण व्यवसायीसँग निर्माण सम्पन्न हुने तालिका, बेहोरिरहेका समस्या, समाधानका लागि गर्नुपर्ने नीतिगत निर्णयलगायतका विषयमा छलफल गर्नुभएको थियो।

उहाँले सरकारले बागमती नदीलाई सफा बनाउन यसका सहायक खोला तथा नदी किनार व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको उल्लेख गर्नुभयो। निर्माण व्यवसायीले त्रिपुरेश्वरतर्फका संरचना तोकिएकै समयमा सम्पन्न गर्ने प्रतिबद्धता जनाएका थिए।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकारको अनुभूति गराउनु

मधेश प्रदेशमा सरकार परिवर्तन भएको छ । नेकपा एमालेबाट मुख्यमन्त्री रहेका सरोज कुमार यादव हटेका छन् । अब नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनेको छ । नेपाली कांग्रेस मधेश प्रदेशको सभापति समेत रहेका मधेश प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेका छन् । उनलाई ७ दलका ७३ जना सांसदहरुले समर्थन जनाएका छन् । मधेश प्रदेशमा पछिल्लो दुई महिनामा ३ जना मुख्यमन्त्री हटेका छन् । चौँथो मुख्यमन्त्रीको रुपमा कांग्रेस पार्टीका कृष्ण यादव मुख्यमन्त्री बनेका छन् । असोज, कार्तिक र मंसिर महिनामा मुख्यमन्त्री हट्ने र नियुक्त हुने क्रम चलिरह्यो । मधेश प्रदेशमा एमाले र नेपाली कांग्रेसलाई सरकारको नेतृत्व नदिने पक्षमा रहेका मधेशी दलहरुकै सहयोगमा कांग्रेस पार्टीले सरकारको नेतृत्व गर्ने भएको छ । एमालेले पनि २५ दिन सरकार चलाए । हुन त केही कारणहरुले एमाले संसदीय दलका नेता सरोज कुमार यादव अत्यन्त विवादमा परे । मधेश प्रदेशको पहिलो पाँच वर्ष जनता समाजवादी पार्टी(जसपा) नेपालका लालबाबु राउतले सरकार चलाए । सरकारमा दलहरु हट्ने र थपिने क्रम पछिल्लो दुई वर्षमा चलेपनि मुख्यमन्त्री राउत नै रहे । प्रदेश सभाको दोसो कार्यकालको दुई वर्ष पनि जसपा नेपालले नै सरकार चलाए । जसपा नेपालका सरोज कुमार यादवले नेतृत्व गरेको सरकार रह्यो । यादवको सरकारलाई प्रदेश सभाको सबै दलले विश्वासको मत दिएको थियो । त्यसपछि जनमत पार्टीका नेता सतीश कुमार सिंह मुख्यमन्त्री बने । उनी १५ महिनामा सरकारबाट हटेपछि लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका नेता जितेन्द्र सोनलले २५ र एमालेका सरोजकुमार यादवले २५ दिन सरकार चलाए । दुबै जनाले विश्वासको मत लिन नसक्ने अवस्था देखिएपछि राजीनामा गरेका थिए । एमालेका सरोज कुमार यादवलाई मुख्यमन्त्री बनाउने क्रममा एमालेबाट प्रदेश प्रमुख बनेकी सुमित्रा सुवेदी भण्डारी र सभामुख रामचन्द्र मण्डल समेत पद मुक्त भए । मुख्यमन्त्री यादव पनि सर्वोच्च अदालतको आदेशबाट २४ घण्टा भित्र विश्वासको मत लिनुपर्ने अवस्था सृजना भएको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) बाट प्रदेश सांसद बनेकी कञ्चन विच्छाले पार्टीको निर्देशन अवज्ञा गर्दै एमालेबाट मुख्यमन्त्री बनेका यादव सरकारमा मन्त्री बनेको अभियोगमा पदमुक्त भएकी छन् । एमालेले मुख्यमन्त्रीको लोभमा पर्दा मधेश प्रदेशमा ठूलो क्षति व्यहोर्नु परेको छ । विच्छा एमालेका लागि सती भएकी छन् । मधेश प्रदेशमा राजनीतिक उथलपुथल भएसँगै नागरिकले सरकारको अनुभूति गर्न सकेनन् । कांग्रेसको नेतृत्वमा बनेको सरकारसित प्रयाप्त बहुमत समेत रहेकोले प्रदेशवासीलाई प्रदेश सरकारको अनुभूति गराउन आवश्यक छ । संघीयतालाई सबल र संस्थागत गर्न पनि प्रदेश सरकारले जनमुखी काम गर्नुपर्नेछ । कांग्रेसले राम्रो अवसर पाएको छ । कांग्रेसको नेतृत्वमा विकास हुने विश्वास दिलाउनु पनि आवश्यक छ ।

# काँग्रेसमा महाधिवेशनको हलचल



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

जेन्जी आन्दोलनले गर्दा सत्तारुढ दल एमाले र काँग्रेसलाई सत्ताबाट बाहिरिन पर्‍यो । अहिले दुवै पार्टी महाधिवेशनमा जुटेका छन् । नेकपा(एमाले)ले स्थानीयतहदेखि प्रदेशसम्म प्रतिनिधि छनोट गरी मङसिर २७ गते भक्तपुरको सल्लाघारीमा उद्घाटन र काठमाडौंको भृकुटीमण्डपमा बन्दसत्र गर्न लागेको छ । काँग्रेस आउँदो पुस महिनाको अन्तिम सातामा महाधिवेशन गर्ने निर्णय गरेको छ । महाधिवेशनको विषय लिएर काँग्रेसभित्र विवाद चरमोत्कर्ष अवस्थामा पुगेको थियो । पार्टीमा संस्थापनपक्ष र इतर पक्षबीच विवाद बढ्दै गएपछि कतै काँग्रेस विभाजित हुने त होइन भन्ने अडकल गर्न थालिएको थियो ।

शेरबहादुर देउवाले दुवै पक्षसँग गम्भीर रुपमा छलफल गरी पन्ध्रहौं महाधिवेशन पुसभित्रै सम्पन्न गराउन सफल भए । विधिवत रुपमा काँग्रेस केन्द्रीय कार्यसमितिको सोमवारको वैठकले पुस-२६देखि २८ गते तीन दिनमा महाधिवेशन सम्पन्न गर्ने तालिका सार्वजनिक गरेको हो । यस निर्णयपछि महाधिवेशन पक्षमा उभिएका काँग्रेसी नेता र कार्यकर्तामा उत्साह थपिँएको छ भने प्रतिनिधिसभाको निर्वाचनपछि महाधिवेशन हुनुपर्ने अडान लिएका पक्षधरहरु अहिलेपनि अलमल अवस्था छन् ।

काँग्रेस स्थापनाकालदेखि गुटबन्दीको पटक पटक विभाजित भएको हो । पछिल्लो समय २०५९ साल असोज ६ गते काँग्रेस विभाजित भएको थियो । काँग्रेस कार्यसमितिले प्रधानमन्त्री शेरबहादुर देउवालाई राजीनामा दिन निर्देश गरेपछि देउवाले राजीनामा गरेनन्। विवाद चर्किंदै गएपछि देउवासहित विमलेन्द्र निधि, प्रकाशमान सिँह, विजय गच्छदारहरु मिलेर नेपाली काग्रेस (प्रजातान्त्रिक) स्थापना गरेका थिए । देउवाले संसद् विघटन गरी निर्वाचनको तिथि तोकेको थियो । तर, भूमिगत जनयुद्धमा संलग्न माओवादीले निर्वाचन हुन नदिने धम्कि दिएपछि निर्वाचनको प्रक्रिया स्थगित गरेको थियो । त्यो कारणले देउवाको आलोचना पनि प्रधानमन्त्रीबाट हट्नुपनि पर्‍यो । मुलुकमा शाही शासन शुरु भयो । काँग्रेसले विभाजनको धेरै ठूलो मूल्य चुकाएको थियो ।अन्ततः २०६४ सालमा पार्टी पुनः एकीकृत भएको थियो । सो समयमा देउवाको नेतृत्वमा पार्टी टुक्रिएको थियो भने यसपल्ट, उनकैं अथक प्रयासको कारण काँग्रेस विभाजनबाट जोगिएको हो । देउवाले अभिभावकत्वको भूमिका निर्वाह गरेको देखिन्छ । उनलाई पार्टी विभाजनको पीडाको अनुभूति छ । विगतका अनुभवबाट पाठ सिक्दै यसपल्ट, पार्टी विभाजन हुन नदिने श्रेय देउवाले पाएको छ ।

यसो त, प्रजातन्त्र पुनःस्थापनापछि काँग्रेस २०५० सालपनि विभाजनको सङ्घारमा पुगेको थियो । जतिखेर, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकारले बार्षिक बजेट सार्वजनिक गरेपछि संसद्मा सरकारद्वारा राखिएको धन्यवाद प्रस्तावमा काँग्रेसकै ३६ जना प्रतिनिधिसभा सदस्यले बहिष्कार गरेका थिए । त्यसपछि, कोइरालाले संसद् विघटन गरी मध्यावधि निर्वाचनको तिथि घोषणा गरेका थिए । काँग्रेसभित्र धेरै ठूलो उथलपुथल मचेको थियो । त्यो बेलामा गणेशमान सिँह, पार्टी सभापति कृष्णप्रसाद भट्टराई, नेता महेन्द्रनारायण निधिले गिरिजाप्रसाद कोइरालाप्रति बढी आक्रोस पोखेका थिए । येनकेन प्रकारेन पार्टी विभाजनबाट जोगिएका थिए । तर, पार्टीभित्र चिरा गहिरिँदै गएको थियो । त्यो गुटगत राजनीतिले गर्दा पार्टी विभाजनमा परेको थियो । तर, विभाजनबाट पार्टीले पाठ सिकेन । गुटगत राजनीति निरन्तर रुपमा चल्दै अहिलेसम्म जारी नै छ ।

### नयाँ गुट बन्ने

जेन्जी आन्दोलनपछि काँग्रेसको संस्थापन पक्षमा देउवाको कसिँलो पकड रहेन् । देउवापछि उक्त गुटको नेतृत्वगर्ने बीच होडवाजी हुनु स्वभाविक हो । देउवाले आफ्ना गुटको सुझावलाई नमानी महाधिवेशन गराउने पक्षमा लागेकाले सो गुटका कतिपय नेताहरु देउवामाथि संशङकित नजरले देख्न थालेका छन् । कतै, देउवाले डा. शेखर कोइरालाको पक्षमा उभिने त होइन । कार्यवाहक सभापति पूर्णबहादुर खड्का, कृष्ण सिटौंलालगायतको अभिव्यक्तिबाट बुझिन्छ । देउवाको विकल्पमा संस्थापन पक्षको समूहबाट नेतृत्व कसले गर्ने सम्बन्धमा एकापसमा प्रतिस्पर्धा हुने सम्भावना पनि छ । उनीहरु मध्ये देउवाको समर्थन पाउन संस्थापन पक्षमा पनि गुटगत खेल शुरु छ ।

अर्कोतर्फ डा. शेखर कोइराला, गगन थापासहित पक्ष छन् । देउवाको गुटभित्र गुटगत राजनीतिगर्ने कृष्णप्रसाद



सिटौंला, प्रकाशमान सिँह र विमलेन्द्र निधिलगायत छन् । अर्कोतर्फ, चौंधो महाधिवेशनमा डा. शेखर कोइराला सभापतिमा उठेपछि सोही समूहका महासचिव गगन थापा निर्वाचित भएपनि डा. शेखर पराजित भएका थिए । गगन थापाअति महत्वाकाङ्क्षी बन्दै २०७९ सालको निर्वाचनपछि काँग्रेसको संसदीय दलको नेता बन्न देउवासँग प्रतिस्पर्धा गरेका थिए । उनी भारी मतले पराजित भएका थिए । महासचिव थापा राजनीतिमा आफ्नो पकड कायम राख्नका लागि छुट्टै गुट सञ्चालन गरेका छन् । उनले पनि सभापति पदका लागि उम्मेद्वारी दर्ता गराउने सङ्केत गरिसकेका छन् ।

डा. शेखर कोइरालाले चौंधो महाधिवेशनमा पराजय भएपछि सङ्गठनमा आफ्नो प्रभाव बनाउन दत्तचित भएर सक्रिय भएर जुटेका छन् । पन्ध्रहौं महाधिवेशनमा उनको उम्मेद्वारी निश्चित नै छ । संस्थापनपक्षको तर्फबाट कार्यवाहक सभापति पूर्णबहादुर खड्काको उम्मेद्वारी पर्ने सम्भावना छ । महासचिव गगन थापाले उम्मेद्वारी दिएपछि डा. कोइरालालाई केही क्षति हुने सम्भावना छ । तर, बदलिँदो परिवेशमा डा. शेखरतर्फ अधिकांस काँग्रेसी कार्यकर्ताको झुकाव देखिन्छ ।

देउवा दुईपटक सभापति भइसकेकाले उनको उम्मेद्वारीपर्ने छैन् । काँग्रेसको विधानले तेस्रोपटक उम्मेद्वार बन्न बन्देज गरेको छ । अव, देउवाले आफ्ना गुटकैं साथीलाई उम्मेद्वार बनाउँछ कि गुटगत भावनाबाट माथि उठेर अधिकांस कार्यकर्ताको चाहनालाई मध्यनजर गरी पार्टीलाई नयाँ दिशा दिन सक्ने व्यक्तिलाई आफ्ना उत्तराधिकारी बनाउने छन् भन्ने सम्बन्धमा राजनीतिकवृतमा चर्चा चुलिँएको छ । अहिलेको वर्तमान परिपेक्ष्यमा जनताको मत बटुल्नका लागि क्षमतावान व्यक्तिलाई पार्टीको जिम्मेवारी सुम्पिनुपर्ने हुन्छ । लगत्तैं, हुने प्रतिनिधिसभाको निर्वाचनमा जनताबीच पुग्न सहज हुने र मतदातालाई आकर्षित पार्ने व्यक्तित्वको आवश्यकता छ । देउवालाई गम्भीर भएर निर्णय लिनुपर्ने हुन्छ । व्यक्तिगत हितभन्दा पार्टीको हितलाई ध्यानमा राखेर उनले निर्णय गर्नुपर्ने हो । वस्तुतः देउवालाई अभिभावकत्वको भूमिका निभाउनुनै उचित हुन्छ । त्यसका लागि देउवालाई गुटगत राजनीतिबाट माथि उठ्नुपर्छ ।

भदौं २४ गते देउवादम्पति जुन किसिमले घटना घटेको थियो । त्यसपछि,देउवा अव राजनीतिबाट सन्यास लिने हल्ला चलेको थियो । मलेसियाबाट उपचार गराएर फर्केपछि देउवा राजनीतिमा विस्तारै विस्तारै सक्रियता बढाउन थालेका छन् । बाचुञ्जेल नेतृत्वमा पकड बनाइराख्ने सोचाई केपि ओली र प्रचण्डजस्तै देउवामा पनि छ । यि नेतात्रय हत्तपत्त पार्टीको वागडोर छोड्छ जस्तो लाग्दैन् । केपि ओली पुनः अध्यक्षमा उम्मेद्वारी दिँदैछन् । प्रचण्डलाई माओवादी केन्द्रका नेताहरु घेर्न खोज्दा नयाँ पार्टी नेपाली कम्युनिष्ट पार्टी नै गठ्न गर्‍यो । देउवालाई काँग्रेसको विधानले छेकेको छ । सत्ताको खेलमा आफ्नो ...कै व्यक्तिमाथि नै देउवाले ...श्वासगर्ने सम्भावना छ । किनभने, पार्टीमा आफ्नै अनुकुलका पदाधिकारी चयन भयो भने टिकट वितरणमा आफ्ना पक्षकै बढी व्यक्तिलाई उम्मेद्वार बनाउन सकिन्छ । पार्टी सभापति पदमा देउवाको पकडको व्यक्ति निर्वाचित भयो भने आउँदो निर्वाचनमा उनी उम्मेद्वार बन्ने सम्भावनालाई नकार्न सकिँदैन् । उनलाई पनि ओलीजस्तै एकपटक पुनः प्रधानमन्त्री बन्ने चाहना छ ।

यदि, आफ्नो पक्षको नभएको खण्डमा देउवाले अन्ततः डा. शेखरलाई समर्थन गर्न सक्छन् । किनभने, उनले पनि शर्तमा गगन थापालाई सभापति बन्न अवरोध गर्नेछ ।

महासचिवद्वय गगन थापा र विश्वप्रकाश शर्मा लामो समयदेखि उनको विरोध गर्दै आइरहेका छन् । जेन्जीको आन्दोलनपछि त यि दुवै जनाले अवसरको फाईदा उठाउने दृष्टिकोण राखेर देउवामाथि बढी आक्रामक बन्दै विशेष अधिवेशनको प्रस्ताव ल्याएर हस्ताक्षर अभियाननै सञ्चालन गरेको थियो । महासचिवद्वय थापा र शर्माले आफ्नो बचाउ गर्दै देउवामाथि नै सवै दोष थुपारेर उनीहरु जेन्जीबाट सुरक्षित हुन खोजेको देखिन्थे । त्यसकारण, देउवा बढी आक्रोसित छन् ।

यदि, महाधिवेशनमा गगन थापा उम्मेद्वार भयो र उनको पक्ष वलियो देखिएको खण्डमा निःसन्देह देउवाले डा. शेखरलाई समर्थन गर्नेछ । काँग्रेसको विधानअनुसार ५० प्रतिशतभन्दा बढी मत ल्याएपछि मात्र निर्वाचनको परिणाम मान्य हुन्छ । यसअघि, दुईपटक महाधिवेशनमा दोहराएर मतदान भएको थियो । यसपल्ट, पनि सो अवस्था दोहरियो र उनले गगन थापालाई रोक्न सक्ने उम्मेद्वारलाई खुलेर समर्थन गर्नेछ । जसरी, तेह्रो अधिवेशनमा कृष्णप्रसाद सिटौंला र चौंधो अधिवेशनमा प्रकाशमान सिँह र विमलेन्द्र निधिले भारी मतले पराजित भएपछि देउवालाई समर्थन गरेको थियो । यसपल्ट, देउवा नै सम्भवतः सभापति चयनमा निर्णायक भूमिका खेल्नेछ ।

हुन त, जेन्जी आन्दोलनपछि काँग्रेसमा देउवा गुट कमजोर भएको छ । त्यसकारण, सम्भवतः यसपल्ट, आउँदो महाधिवेशनमा गुटगत राजनीति त्यति प्रभावकारी हुन्छ, जस्तो लाग्दैन् । देउवा गुटको नाम चलेका नेताहरु अलगथलग हुने सम्भावना छ । सिटौंलाको सीमित प्रभाव छ । विमलेन्द्र निधि, प्रकाशमान सिँह र विजय गच्छदारको प्रभाव कति छ भने चौंधो महाधिवेशनबाट पुष्टि भइसकेका छन् । । पूर्णबहादुर खड्काको राष्ट्रियस्तरमा कार्यकर्तामाथि त्यति प्रभाव बनाउन नसकेको देखिन्छ । वस्तुतः काँग्रेसभित्र डा. शेखर कोइरालाले देउवाप्रति नरम व्यवहार र सकभर समेटेर अगाडि बढ्ने रणनीतिले गर्दा तुलनात्मक रुपमा सवैभन्दा बढी काँग्रेसभित्र लोकप्रिय नेताको छवि बनाएको देखिन्छ । यस्तो अवस्थामा काँग्रेस यसपल्ट, दुई गुटको राजनीतिबाट माथि उठेर पदाधिकारीको चयनगर्ने सम्भावना वलियो देखिन्छ ।

अहिले डा. शशाङ्क कोइरालाको भूमिका पनि महत्वपूर्ण हुन्छ । उनले चौंधो महाधिवेशनमा पनि उम्मेद्वारी दिने तयारी गरेको थियो । अन्तिम समयमा उनले आफ्ना निर्णयबाट पछाडि हटेका थिए । देउवासँग उनको निकटताको कारण खुलेर डा. शेखरको प्रचारमा उत्रेको थिएन्, अपितू, समर्थन गरेका थिए । सुजाता कोइराला त खुलेर नै देउवाको पक्षमा उत्रेका थिए । यसपल्ट, वातावरण फेरिएको छ, सम्भवतः कोइराला परिवार एकबद्ध भएर डा. शेखरको पक्षमा सक्रिय भएर जुट्ने सम्भावना छ । डा. शेखर कमजोर पर्‍यो भने गगन थापाको प्रभाव बढनेछ । जसले गर्दा आउँदो दिनमा काँग्रेसभित्र कोइराला परिवारको राजनीति पकड कमजोर हुनेछ । त्यसले गर्दा, कोइराला परिवारका शुभेच्छुकहरु जसरीपनि डा. शेखरलाई सभापति बनाउन बढी सक्रिय हुनेछन् ।

काँग्रेसको महाधिवेशनका लागि समयको अभाव देखिन्छ । काँग्रेसमा क्रियाशील सदस्यको धेरै बढी महत्व हुन्छ । स्थानीय तहमा निर्वाचनको प्रतिस्पर्धामा मतदानगर्ने क्रियाशील सदस्य हुन अनिवार्य गरिएको छ । त्यसकारण, सदस्यता वितरणमा पक्षपात हुने गरेको आरोप लाग्ने गर्छन् । कतिपय ठाउँमा विवाद चरम अवस्थामा पुग्ने गर्छ । यसपल्ट, पुस १६ गते गाउँ र नगरपालिकाको वडाको निर्वाचनको तिथि सार्वजनिक गरेको हो । पुस १९ क्षेत्रीय र २१ र २२ गते जिल्ला अधिवेशन र पुस २३ र २४ गते क्षेत्रीय अधिवेशनको तालिका सार्वजनिक गरेको छ ।

### काँग्रेस नाममैं सिमीत

नेपाली काँग्रेसको स्थापना विसं २००३ सालमा भएको हो । जहानियाँ शासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्रको स्थापना गर्नु नै मुख्य उद्देश्य थियो । स्थापना भएको चार बर्ष मैं राणाशासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्रको स्थापना गर्न काँग्रेस सफल भयो । विपी कोइराला, मातृकाप्रसाद कोइराला, सुवर्ण शमशेर, गणेशमान सिँह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको पार्टी यतिखेर, वास्तविक मार्ग विर्सेको देखिन्छ । पार्टीभित्र आपसी कलहले गर्दा काँग्रेसभित्र विचलन देखिएको छ । आउँदो महाधिवेशनमा स्वच्छ छविको नेतृत्वको आवश्यकता छ । जसले काँग्रेसलाई जीवन्त दिन सकोस् । नत्र, आउँदो निर्वाचनमैं काँग्रेसलाई क्षति बेहोर्नुपर्ने अवस्था सृजना हुनेछ । 'इतिश्री'

# नेपाली काँग्रेसको टिकट वितरण प्रणाली कतिको सार्थक



प्रफुल्ल घिमिरे

नेपालको लोकतान्त्रिक इतिहासमा नेपाली काँग्रेसले अग्रणी भूमिका खेलेको सत्य यथार्थ सर्वबिदितै नै छ। तर आज काँग्रेसले राजनीतिक प्रतिस्पर्धामा देखाइरहेको कमजोरी, कार्यकर्ताबीच फैलिएको असन्तोष र जनतामा विकास भएको निराशाको मूल जड के हो ? यसको उत्तर धेरैजना नेताहरूको भाषणमा होइन, टिकट वितरण प्रक्रियाको गहिरो संरचनागत, मनोवैज्ञानिक र निर्णयगत बिग्रिएको संस्कृतिमा भेटिन्छ।

काँग्रेसले दशकौँदेखि दोहोर्याउँदै आएको परम्परागत समस्यात्मक अभ्यासका कारण परिणाम निराशाजनक हुने गरेको छ।

पार्टीभित्र शक्ति-केन्द्रीकरण : नेतृत्वको राजनीतिले विधानलाई ओझेल पारेको छ।

नेपाली काँग्रेसलाई संघीय संरचना भएको लोकतान्त्रिक संगठन भनिए पनि,टिकट वितरणको वास्तविक शक्ति केन्द्रिय नेतृत्वका केही मुट्ठीभर व्यक्तिहरूमा सीमित छन। जिल्ला, क्षेत्र र स्थानीय तहबाट आउने सिफारिसहरू धेरैजसो औपचारिक, निर्णयमा न्यून प्रभावकारी, नेतृत्वले चाहेमा मात्रै प्रयोग हुने भइसकेका छन्। यसले पार्टीभित्र दुई तहको शक्ति संरचना बनाएको छ।

औपचारिक संगठन, जुन देखाउनका लागि प्रयोग हुन्छ । वास्तविक शक्ति केन्द्र, जहाँ निर्णय कसरी हुन्छ भन्ने संगठनलाई थाहा पनि हुँदैन । यस्तो संरचनाले काँग्रेसलाई संगठन होइन, व्यक्तित्व-केंद्रित राजनीतिक गठबन्धनमा रूपान्तरण गरिदिएको छ। गुटगत सन्तुलनलाई टिकट निर्णयको मुख्य आधार बनाउने गलत राजनीतिक संस्कृति निर्माण भएका छ्न। काँग्रेसभित्र "गुट" शब्द यस्तो छ जसलाई पार्टी खुलेर बोल्दैन, तर आन्तरिक चलायमान शक्ति-सन्तुलन यही एक तत्वले निर्धारण गर्छ।

**पुराना गुट, उप-गुट, नेतृत्व समूह,शक्ति-प्रवाह**

यी सबै टिकट वितरणको निर्णायक पात्र बन्छन्। छनोटका मापदण्डमा जनाधार, संगठन निर्माण क्षमता, चुनाव जित्ने सम्भावना, विचार र नीतिप्रति निष्ठा यी सबै गौण बन्छन् जब नेतृत्वले आफ्नो गुट मजबुत राख्न कसलाई उठाउने, कसलाई दबाउने निर्णय गर्छ। यसले योग्य, लोकप्रिय र क्षेत्रीय प्रभाव भएका व्यक्तिहरू गुटको सीमारेखा पार नपुगे मात्र टिकटबाट वञ्चित हुन्छन्। यो दीर्घकालीन संगठन विकासको लागि घातक अभ्यास हो।

परिवार-नातेदार -जातिवाद काँग्रेसभित्रको 'राजनीति' मा गहिरो जरा गाडेर बसेको छ। नेपाली काँग्रेसमा परिवार केंद्रित राजनीतिक संस्कृति नयाँ होइन तर पछिल्लो दशकमा यो चरित्र संस्थागत अभ्यास जस्तै भएको छ। टिकट वितरणमा नेताका नातेदारहरु, विस्तारित घरानाका मानिस, आफ्नै व्यापारिक-सामाजिक घेराका पात्रहरू नेतृत्त्वको असामान्य प्राथमिकता पाउँदा पार्टीभित्र त्यस्ता व्यक्ति उठ्नेछन् जसको जनाधारभन्दा नेता परिवारसँग निकटता बढी हुन्छ। जसले गर्दा मतदातामा नैतिक असन्तोष, कार्यकर्तामा संगठनात्मक निराशा र नयाँ पुस्तामा भविष्यविहीनताको अनुभूति यस्तो राजनीति संस्कारले जन्माउँछ।

आर्थिक पहुँच, व्यापारी-हितसमूह र बाह्य प्रभावको पनि बढ्दो हस्तक्षेप टिकटमा देखिने गरेको छ। टिकट वितरणमा आर्थिक पहुँचको भूमिका नेपाली काँग्रेसमा दिनानुदिन गहिरिँदो देखिन्छ। यस्तो अभ्यासले -राजनीतिक निष्ठा कमजोर बनाउँछ, नीतिगत भ्रष्टाचारको ढोका खोल्छ, आर्थिक-हित समूहहरू पार्टीका वास्तविक निर्णयकर्ता बन्छन् , दीर्घकालीन रूपमा पार्टी जनतासंग होइन, सञ्जाल-समूह सँग जोडिन्छ। अन्ततः जनता पक्षधर निर्णय भन्दा"आर्थिक हितका लागि प्रयोग हुने राजनीतिक प्लेटफर्म" बन्ने खतरा बढ्दै जान्छ।

संगठनका सिफारिस र जनभावनाको अपमान गर्दै नेतृत्वको मनपरी निर्णयहरुले गर्दा आम कार्यकर्ता - लोकतन्त्रवादिहरु निरास हुदै गएका छन् । काँग्रेसको संगठनलाई बलियो , सक्रिय बनाउन र स्थानीय तहमा जनाधार बढाउन वडा/पालिका/प्रदेश संरचना महत्त्वपूर्ण हुन्छ। तर टिकट वितरणमा तिनीहरूको बहुमत सिफारिस कोठाभित्रै मृत घोषणा हुन्छ। यी सबैलाई समग्र नेतृत्वले पढ्ने मात्र होइन,सुनिदिन पनि चाहँदैन भन्ने अनुभूति फैलिएको छ। यसले नेतृत्व र संगठनबीच विश्वासको दूरी अत्यन्त बढाएको छ।

यति सम्म मात्र कहाँ हो काँग्रेस नेतृत्वले महत्त्वपूर्ण क्षेत्रमाअन्तिम २४-७२ घण्टाभित्र टिकट बदल्ने अनौपचारिक परम्परा बनाइसकेको छ। यसले–पार्टीभित्र अविश्वास फैलाउँछ, बागी उम्मेदवारहरू जन्माउँछ, प्रचार-व्यवस्था भत्किन्छ, उम्मेदवारको राजनीतिक विश्वसनीयता कमजोर हुन्छ, मतदातामा "काँग्रेस अस्थिर छ" भन्ने धारणा बनाउँछ यो कमजोरी केवल रणनीतिक होइन, नेतृत्वगत अनिश्चितताको स्थायी लक्षण हो। समानुपातिक समावेशीता सिद्धान्तको खुलेआम दुरुपयोग गरिदै आएकोछ । यसपटक पनि नहोला भनेर भन्न सकिने अवस्था छैन । लक्षित समूहको प्रतिनिधित्व खोसिएको भावना जागृत छ। समानुपातिक सुचिमा नेताका नातेदार , परम्परागत शक्ति केन्द्रका विस्वास पात्रहरु उकासिने परम्परा यथावत नै देखिन्छ । लक्षित वर्गको अधिकार कब्जा गरेर समानुपातिक सुचिलाई "निजि सम्पत्ति "जस्तै प्रयोग गर्ने प्रवृत्ति आजको राजनीतिक भ्रष्टाचारका जरा हुन।

प्रतिनिधित्व होइन 'एडजस्टमेन्ट'को राजनीतिको रुपमा प्रयोग गरिएको छ। समावेशी प्रणाली नेपालको सामाजिक,राजनीतिक विविधतायुक्त समाजका लागि महत्त्वपूर्ण उपलब्धि हो।

तर समावेशी सूचीलाई लक्ष्य समूहका वास्तविक प्रतिनिधि चयन गर्ने माध्यम नभई आफ्ना नातेदार , नजिकका मान्छे, लेनदेन , पहुँच,प्रभाव , गुट मिलाउने 'सम्झौता',विवाद समाधान गर्ने 'प्याकेज'जस्ता कारणका लागि प्रयोग गरिएको छ। बारम्बार हारेकालाई पुनः पुनः उठाउने, अवसर दिने नेतृत्व मानसिकता संगठनको लागि घातक सिद्ध हुन थालेको छ।

चुनावमा पटक-पटक अवसर पाएका हारिसकेका उम्मेदवारलाई प्रत्यक्षमा यसमा नभए समानुपातिकमा यसमा पनि नभए राष्ट्रिय सभामा फेरि-फेरि उठाउने परम्परा काँग्रेस नेतृत्वको कालान्तरदेखि चलिआएको प्रवृत्ति आत्मघाती हुदै जान थालेको छ। समानुपातिक समावेशी प्रतिनिधित्व असमानुपातिक प्रयोग भइ रहेका छ्न। आधुनिक, प्रतिस्पर्धी राजनीतिक प्रणालीमा यो सोच चुनावी आत्महत्या नै हो। टिकट सम्बन्धि कमजोरीहरुले गर्दा दीर्घकालीन राजनीतिक परिणाम : काँग्रेसले सामना गर्दै आएको छ।

जसले गर्दा पार्टी कमजोर हुदै गरेकोले छ। मतदाता विकल्प खोज्न थालेका छ्न। संगठन निरुत्साहित बन्दै छ। युवा पुस्ताको विश्वास घट्दो छ। वैचारिक पक्ष भन्दा व्यक्ति-केन्द्रित राजनीति बलियो हुँदै गएको छ।

अन्ततः कांग्रेस प्रतिस्पर्धी राजनीतिक शक्तिको रुपमा होइन कि गत स्मृतिमा बाँचेको ऐतिहासिक दल जस्तै देखिन थालेको छ। नेतृत्व परिवर्तनभन्दा पहिले "निर्णय प्रणालीको चरित्रगत सुधार" अनिवार्य आवश्यकता बनेको छ। काँग्रेसको समस्या व्यक्ति होइन, संरचना र संस्कृतिको संकट हो । कसैलाई मात्र दोष दिंदा काँग्रेस सुधारिँदैन। समस्या पद्धति, संस्कृति, निर्णय प्रक्रिया र मानसिकता भित्र गढिएको छ ।

यसैले कांग्रेसले टिकट वितरणमा पारदर्शिता,संगठन सिफारिसलाई बाध्यकारी नियम,आर्थिक-हित समूहको नियन्त्रण घटाउने नीति,गुट-सन्तुलनौंभन्दा योग्यता-सन्तुलन प्रणाली, समावेशी सूचीको दुरुपयोग बन्द, युवा पुस्तालाई अवसर, अन्तिम समयको मनपरी निर्णय निषेध, आन्तरिक लोकतन्त्रलाई मजबूत- यी संरचनागत सुधार नगर्ने हो भने काँग्रेसको संकट नेतृत्व परिवर्तनले होइन,निर्णय प्रक्रियाको मूल बिग्रिएको संस्थागत संस्कारले नै तय गर्छ ।

> संगठनका सिफारिस र जनभावनाको अपमान गर्दै नेतृत्वको मनपरी निर्णयहरुले गर्दा आम कार्यकर्ता - लोकतन्त्रवादिहरु निरास हुदै गएका छन् । काँग्रेसको संगठनलाई बलियो , सक्रिय बनाउन र स्थानीय तहमा जनाधार बढाउन वडा/पालिका/प्रदेश संरचना महत्त्वपूर्ण हुन्छ। तर टिकट वितरणमा तिनीहरुको बहुमत सिफारिस कोठाभित्रै मृत घोषणा हुन्छ। यी सबैलाई समग्र नेतृत्वले पढ्ने मात्र होइन,सुनिदिन पनि चाहँदैन भन्ने अनुभूति फैलिएको छ। यसले नेतृत्व र संगठनबीच विश्वासको दूरी अत्यन्त बढाएको छ।

# अध्यक्ष ओलीद्वारा नवयुग ई-बुलेटिन शुभारम्भ




काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पुराना दल सकिए वा सकिन्छन् भन्ने नसोच्न आग्रह गर्नुभएको छ । शनिबार च्यासलस्थित पार्टी कार्यालयमा पार्टीको मुखपत्र नवयुग ई-बुलेटिनको शुभारम्भ गर्दै उहाँले पार्टीको आसन्न ११औँ राष्ट्रिय महाधिवेशनले एमालेविरुद्धको घेरबन्दी तोड्ने र पार्टी फेरि अघि बढ्ने बताउनुभयो ।

उहाँले महाधिवेशनको सफलता लोकतन्त्रको सफलता भएकोले महाधिवेशनलाई भव्य बनाउनु पर्नेमा जोड दिनुभयो । "यो महाधिवेशनको सफलता लोकतन्त्रको सफलता हो । त्यसैले यसलाई सफल बनाउनु पर्दछ," उहाँले भन्नुभयो, "महाधिवेशन नेपाली जनता र देशको भविष्यको लागि आवश्यक छ।"

उहाँले जनताको शक्तिलाई निर्णायक शक्तिमा बदल्नका लागि महाधिवेशन आयोजनासमेत गरिएको बताउनुभयो । अध्यक्ष ओलीले स्वतन्त्र, निष्पक्ष शान्तिपूर्ण वातावरणमा चुनाव हुनुपर्नेमा जोड दिनुभयो । "हामीले चुनावलाई पर्खिरहेका छौँ । चुनावबाट आउने सरकार एमालेको हुन्छ," उहाँले भन्नुभयो, "पुराना पार्टीमध्ये एमाले चुनावपछि उदाएर आउने छ।"

एमाले महासचिव शङ्कर पोखरेलले आजको जटिल अवस्थाको नेतृत्व गर्न सक्ने र मुलुकलाई लोकतन्त्रतर्फ फर्काउने पार्टी र नेतृत्व आवश्यक रहेको बताउनुभयो । एमालेको महाधिवेशनलाईप्रतिगमनविरुद्धको सङ्घर्ष र जनसङ्घर्षको कार्यक्रमका रूपमा परिभाषित गर्नुपर्ने उहाँको भनाइ थियो ।

महासचिव पोखरेलले राष्ट्र निर्माणको योजनाकार एमाले भएको बताउँदै उहाँले देशको राजनीति एमालेको वरिपरि घुमेको बताउनुभयो । उहाँले पार्टीमा यतिबेला प्रतिष्पर्धा नभई एकता खाँचो रहेको भन्दै केपी शर्मा ओलीलाई नेतृत्वमा स्थापित गरेर सबै त्यसमा एकताबद्ध हुन आवश्यक रहेको बताउनुभयो ।

महाधिवेशन प्रचार समितिका संयोजक पद्मा अर्यालले प्रभावकारी रूपले महाधिवेशन र पार्टीका गतिविधि प्रचार गर्न नवयुग ई-बुलेटिन प्रकाशनमा ल्याइएको बताउनुभयो । उहाँले महाधिवेशनको प्रचारप्रसार अझ व्यापक बनाउनुपर्नेमा जोड दिनुभयो । शनिबार सुरु गरिएको ई-बुलेटिनमा हरेक दिन बेलुका ७ बजे महाधिवेशनको गतिविधि प्रकाशित गरिने बताउनुभयो ।रासस

# निर्वाचन आयोगद्वारा राजनीतिक दललाई २० बुँदे निर्देशन

**राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।**

काठमाण्डु । निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ ।



आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले निर्देशन दिएको छ ।निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो ।

निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाई नघटने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन ।मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ ।

महिला, दलित वा अल्पसङ्ख्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एक तिहाई महिला र नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ । राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चितता गर्नुपर्नेछ ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार गर्न पाइने छैन ।

राजनीतिक दलले सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ ।राजनीतिक दलले निर्वाचनको प्रचारप्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशीता, निर्वाचनको महत्व र मतदान गर्ने तरीकालगायतका विषयमा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ । त्यस्तो आचारसंहिता पालना नगर्ने दलका पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दललको विधान बमोजिम कारवाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेश गरेपछि त्यसरी पेश गरेको वन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्नुपर्नेछ । राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवम् जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा बिभिन्न जात,जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिँसात्मककार्य गर्न बन्देज गरिएको छ । सरकारी, सार्वजनिक, सामुदायिक वा नीजि सम्पतिको तोडफोड हानि नोक्सानी वा क्षति पुर्याउने वा पुर्याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य नगर्ने र नगराउने व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाइ आयोगमा पेश गर्ने र सो घोषणापत्रको आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनुपर्नेछ । यस्तै, दलले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई वाधा अरोध गर्ने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउने जस्ता अलोकतान्त्रिक कार्य गर्न पाइनेछैन ।रासस

# नागरिकको जीवनस्तर उठाउने विकास आजको आवश्यकता हो: राष्ट्रपति

पाटन । राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वाधार निर्माणमात्र नभइ नागरिकको जीवनस्तरमा सुधार ल्याउने विकास आजको आवश्यकता भएको बताउनुभएको छ।

ललितपुर महानगरको नवनिर्मित भवनको शनिबार आयोजित विशेष समारोहमा उद्घाटन गर्दै उहाँले प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गर्नेतर्फ सबै निकाय सचेत हुनुपर्नेमा जोड दिनुभयो । जनताका गुनासा सुन्ने र तिनलाई सम्बोधन गर्नु हरेक राष्ट्रसेवकको दायित्व भएको उहाँले बताउनुभयो ।

"लोकतन्त्र केबल शासन व्यवस्था मात्र होइन यो लोकको आवाज सुन्ने र उनीहरूको चाहनाअनुरुप काम गर्ने पद्धति हो । नयाँ पुस्ताको यो चाहना बुझेर राजनीतिक नेतृत्वले त्यसैअनुसार आफूलाई रुपान्तण गर्नुपर्छ", नयाँ पुस्ताको चाहना सुशासन भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो ।

उहाँले संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै विकासको युगीन अभिभारा पूरा गर्ने युवा पुस्ताको चाहनालाई पूरा गर्न तथा देशको वर्तमान परिस्थितिलाई निकास दिन आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल बनाउन आह्वान गनुभयो ।रासस

# निर्वाचनलक्षित वाचापत्र तयार गर्दै रास्वपा

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी केन्द्रीय वाचापत्र निर्माणका लागि सुझाव सङ्कलन गर्दैछ ।




रास्वपाका उपसभापति डा स्वर्णिम वाग्लेको संयोजकत्वमा गठित केन्द्रीय वाचापत्र कार्यदलले पार्टीका सबै संयन्त्रबाट शनिबार सुझाव सङ्कलन गर्ने प्रवक्ता मनिष झाले जानकारी दिनुभयो । उहाँका अनुसार सुझावका लागि आज साँझ भर्चुअल माध्यम (जुम)मा बैठक आह्वान गरिएको छ । उक्त कार्यदलमा डा वाग्लेसँगै केन्द्रीय सदस्यहरू डा अरनिको पाँडे, डा नन्दन यादव र क्रान्तिशिखा धिताल हुनुहुन्छ ।

योसँगै रास्वपाले निर्वाचनलक्षित गतिविधि पनि तीव्र बनाएको छ । रास्वपाले निर्वाचनलाई लक्षित गर्दै आफ्नो राजनीतिक गतिविधिसँगै प्रचारप्रसारलाई थप सक्रिय बनाएको हो । पार्टीले हाल अधिवेशन, सङ्गठन विस्तार र समानुपातिक प्रणालीमार्फत उम्मेदवारी दिन आह्वान गरिरहेको छ । सोही क्रममा प्रारम्भिक निर्वाचनका गतिविधि व्यवस्थापनका लागि अडिट समितिले काम सुरु गरेको रास्वपाले जनाएको छ । समितिले उम्मेदवार छनोटसम्बन्धी सम्पूर्ण पक्षलाई तथ्यपरक रूपमा मूल्याङ्कन गर्ने जनाएको छ ।

आगामी निर्वाचन केन्द्रित प्रशिक्षणका लागि केन्द्रीय प्रशिक्षण विभागले अनलाइन तालिमका माध्यमबाट कार्यक्रम सञ्चालन गरेको छ । जिल्ला भेला, पूर्वउम्मेदवारहरूसँग छलफल र सङ्गठन सुदृढीकरणका कार्यक्रम पनि अघि बढाइएको प्रवक्ता झाले जानकारी दिनुभयो ।

निर्वाचन तयारीलाई व्यवस्थित बनाउन रास्वपाले राजनीतिक अध्ययन कार्यदल, निर्वाचन रणनीति कार्यदल र सञ्चारमाध्यम अध्ययन कार्यदल गठन गरेको छ । यी कार्यदलले नीति विश्लेषणदेखि रणनीति निर्माणसम्मको कार्य गर्ने जनाइएको छ ।रासस

# निद्राजन्य विकारको चुनौतीसँग लड्न सचेतना जरुरी छ: उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले निद्राजन्य विकारहरू (स्लिप डिसअडर्स) को चुनौतीसँग लड्न थप सचेतनासँगै अनुसन्धान गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।



शनिबार आयोजित नेप्लिज सोसाइटी अफ स्लिप डिसअडर्सको दोस्रो अन्तराष्ट्रिय सम्मेलनमा उहाँले पछिल्लो समय व्यस्त जीवनशैली, अस्वस्थ खानपान, प्रविधिको बढ्दो प्रयोगलगायत कारणले निद्रासम्बन्धी विकारहरूको बढ्दै गएकाले यस्ता चुनौतीलाई समयमा नै सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो ।

उपराष्ट्रपति यादवले मानसिक तनाव, बेरोजगारी, आर्थिक असुरक्षा तथा मधुमेह, उच्च रक्तचापजस्ता रोगहरूले निद्रामा गहिरो असर पारिरहेकाप्रति सचेत हुन सबैलाई सुझाव दिनुभयो । "आधुनिक जीवनशैली, सहरीकरण, मोबाइल र सामाजिक सञ्जालको अत्यधिक प्रयोगले स्लिप डिसअडर्सको समस्या गम्भीर बन्दै गएको छ", उहाँले भन्नुभयो, "यसले मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पारिहेको छ ।"

उहाँले विद्यालयदेखि समुदायसम्म निद्राको महत्त्वबारे सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै निन्द्रसम्बन्धी समस्या समाधान गर्नेतर्फ सरोकार भएकाले पहल गर्नुपर्ने बताउनुभयो । विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको सङ्ख्या बढाउन, स्वास्थ्य नीतिमा निद्राजन्य विकारको पहिचान र उपचारलाई प्राथमिकताका साथै नेपालमा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्दै अन्तरराष्ट्रिय सहकार्यलाई मजबुत बनाउनुपर्ने उहाँको भनाइ छ ।

"निद्राजन्य विकारले व्यक्तिगत मात्र नभई सामाजिक र आर्थिक विकासमा समेत प्रत्यक्ष असर पार्न सक्छ", उपराष्ट्रपति यादवले भन्नुभयो, "नियमित र स्वस्थ जीवनशैली, ध्यान, योग, शारीरिक व्यायाम र विशेषज्ञ चिकित्सकसँगको परामर्शलाई प्राथमिकता दिएर यसका असरहरूलाई न्यूनीकरण गर्न सकिन्छ ।"

राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका विशेषज्ञ, अनुसन्धानकर्ता, चिकित्सक तथा नीति निर्माताहरूको सक्रिय सहभागिता रहेको यस सम्मेलनले नयाँ विचार, अनुसन्धानका अवसर र सहकार्यका सम्भावना सिर्जना गर्नेसमेत उहाँले विश्वास व्यक्त गर्नुभयो ।रासस

# विज्ञानलाई अर्थतन्त्रसँग जोड्नुपर्छ: मन्त्री पुन



काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले नेपालले दिगो आर्थिक समृद्धि हासिल गर्न विज्ञान तथा वैज्ञानिक अनुसन्धानलाई प्रत्यक्ष रूपमा अर्थतन्त्रसँग जोड्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) द्वारा शनिबार आयोजित ४३औं वार्षिकोत्सव विशेष पुरस्कार वितरण समारोहमा उहाँले विज्ञान र प्रविधिका क्षेत्रमा पर्याप्त लगानी नहुनु, अर्थतन्त्रबाट अलग हुनुलगायत कारणले यो क्षेत्र कमजोरी बनेको बताउनुभयो । विज्ञान र प्रविधि पछाडि परेसँगै अर्थतन्त्र कमजोर बन्दा नेपाली समाज पिछडिएको उहाँले धारणा राख्नुभयो ।

मन्त्री पुनका अनुसार वैज्ञानिक सोच र प्रविधि विकासको गति सुस्त हुनुको कारण विगतदेखि वर्तमानसम्मका संरचनागत समस्याको परिणाम हो । उहाँले भन्नुभयो, "आर्थिक अभावका कारण नेपालीले दुःख भोगिरहेका छन् । पहिलोदेखि तेस्रो औद्योगिक क्रान्तिसम्म हामी पछि पर्नुको कारण विज्ञान र प्रविधिप्रति बेवास्ता हो ।" उहाँले विज्ञान तथा प्रविधिसँग सम्बन्धित शैक्षिक तथा अनुसन्धानमूलक काम गर्ने संस्थालाई राजनीतिक प्रभावबाट मुक्त राख्नुपर्नेमा जोड दिनुभयो ।रासस

# 'एसिया-प्यासिफिक जेरियाट्रिक्स' सम्मेलन सुरु

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा शर्माले शनिबार यहाँ 'एसिया-प्यासिफिक जेरियाट्रिक्स (एपिजिएन)' सम्मेलनको उद्घाटन गर्दै हरेक परिवारले ज्येष्ठ नागरिकहरुलाई सक्रिय जीवन यापनमा सघाउनुपर्नेमा जोड दिनुभएको छ ।



साथै उहाँले देशका नीतिहरू ज्येष्ठ नागरिकमैत्री भए पनि स्रोतसाधन अभावले जति गर्नुपर्ने हो त्यति गर्न नसकिएको स्वीकार गर्नुभयो । "ज्येष्ठ नागरिक रोग विशेषज्ञहरुको पदहरू सिर्जना गर्न आवश्यक छ । नर्सहरुको पनि थप दरबन्दी सिर्जना गर्नुपर्छ । आर्थिक रूपमा कमजोर राष्ट्र भएर पनि हामीले ज्येष्ठ नागरिकका लागि सकेसम्म उत्तम सेवा दिन प्रयास गरिरहेका छौँ," उहाँले भन्नुभयो ।

देशमा ३० लाख हाराहारी ज्येष्ठ नागरिकहरुको जनसङ्ख्या छ । ज्येष्ठ नागरिक रोग विशेषज्ञ डा रमेश कँडेलले जनसङ्ख्याको अनुपातमा विशेषज्ञहरु पर्याप्त नरहेका बताउनुभयो । उहाँले भन्नुभयो, "हाल नेपालमा १० जना दर्ता गरिएका ज्येष्ठ नागरिक रोग विशेषज्ञहरु छन् जसमा ६ जना मात्र स्वदेशमा छन् ।"जेरियाट्रिक सोसाइटी अफ नेपालका अध्यक्ष डा उमेश बोगटीले ज्येष्ठ नागरिकहरूको स्वास्थ्यलाई सधैँ सबल राख्न क्षेत्रीय साझेदारी अत्यावश्यक भएको बताउनुभयो । रासस


## करैयामाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### करैया, बारा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सुचना

**सुचना प्रकाशित मितिः २०८२/०८/२१ गते**

यस कार्यालयको मिति २०८२/०७/१२ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिल बमोजिमको ठेक्काको सुचनामा उल्लेखित अन्तिम म्याद भित्र ई-सबमिशन मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्र न्युन्तम मुल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही देखिएको व्यहोरा बोलपत्र मुल्याङ्कन समितिको २०८२/०८/१७ गतेको निर्णयबाट सिफारिस भई आएकोले उक्त बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र (३) एवम् दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| बोलपत्र/ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम तथा ठेगाना | कबोल अंक रु. (मु.अ.कर र पि.एस. समेत) |
|---|---|---|---|
| KRM/SQ/W/03/2082/083 | Narahi Health Post Renovation Work | ANKEET CONSTRUCTION Kalaiya Sub-Metro-14, Bara | 6,84,524.54 |

**प्रमुख प्रशासकीय अधिकृत**

# दोहा फोरम : अन्तर्राष्ट्रिय सहयोग र प्रविधि नवप्रवर्तनमा केन्द्रित




**क्यूएनए**

दोहा । कतारको राजधानी दोहामा शनिबारदेखि सुरु भएको 'दोहा फोरम सन् २०२५' मा विश्वका नेता, उच्चस्तरीय कूटनीतिज्ञ र व्यापार विशेषज्ञहरूले सहभागिता जनाएका छन् । फोरमले गाजा सङ्कट, युक्रेन युद्ध, स्वास्थ्य प्रणाली, प्रविधि विकास र कृत्रिम बुद्धिमत्ता (एआई) को द्रुत प्रगतिलगायत विश्वव्यापी चुनौतीहरूबारे बहसको अवसर प्रदान गरेको छ ।

उद्घाटन समारोहमा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जस्सिम अल थानीले भन्नुभयो,"कतारको भूमिका संवाद र मध्यस्थता कायम राख्न केन्द्रित छ। हामी कुनै पक्षको समर्थन नगरी, सङ्घर्ष समाधान र मानवीय पीडाको अन्त्यमा सहयोग पुर्‍याउने उद्देश्य राख्छौं ।" उहाँले गाजा र युक्रेनमा शान्ति प्रयासमा कतारले सक्रिय भूमिका खेलेको जानकारी दिनुभएको छ।

फोरम २०२५ मा विश्वप्रसिद्ध उद्यमी र माइक्रोसफ्टका संस्थापक बिल गेट्सले पनि विश्वव्यापी स्वास्थ्य प्रणाली मजबुत पार्न वित्तीय सहयोग र प्रविधिको प्रयोग आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो,"भविष्यका स्वास्थ्य चुनौतीहरू सामना गर्न हामीले सामूहिक प्रयास गर्नुपर्छ र प्रणाली सुधारमा ध्यान दिनुपर्छ ।"

दोहा फोरमले विश्वव्यापी व्यापार प्रणाली, अमेरिकी-चीन सम्बन्ध, प्रविधि र कृत्रिम बुद्धिमत्ताको प्रयोग तथा आर्थिक संरचना सुधारका विषयमा विचार आदान-प्रदानको अवसर प्रदान गरेको छ । यस वर्षको फोरममा १६० भन्दा बढी देशका ६ हजार सहभागी हुने अनुमान गरिएको छ।

फोरमका सत्रहरूले गाजा सङ्कट, क्षेत्रीय र विश्वव्यापी मध्यस्थता, स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण, कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग तथा व्यापार र कूटनीतिक सम्बन्ध सुधारका उपायमा केन्द्रित बहस गरेको छ ।फोरमले बहुपक्षीय कूटनीति, अन्तर्राष्ट्रिय सहयोग र जिम्मेवारी सुनिश्चित गर्न विश्वका नेताहरूलाई मार्गदर्शन गर्ने महत्वपूर्ण भूमिका खेलेको छ।

# लहानमा 'टी-२० प्याब्सन इन्टरस्कुल क्रिकेट लिग' सुरु



सिरहा । क्रिकेटको प्रवर्द्धन तथा युवा प्रतिभाको पहिचान गर्ने उद्देश्यका साथ लहान नगरपालिका-४ यज्ञभूमि क्रिकेट खेल मैदानमा आजदेखि 'टी-२० प्याब्सन इन्टरस्कुल क्रिकेट लिग' सुरु भएको छ। प्रतियोगिताको आयोजक तथा 'टाइटल स्पोन्सर' प्याब्सन सिरहा रहेको छ।

उद्घाटन खेलमा अपोलो ओम सेकेन्डरी स्कुल र जिबी शो एलिट स्कुलबीच पहिलो खेल भएको आयोजकले जनाएको छ। यस वर्षको लिगमा २८ वटा निजी विद्यालयको सहभागिता रहेको प्याब्सन सिरहाका अध्यक्ष उमेश चौधरीले जानकारी दिनुभयो ।उहाँले मधेस क्रिकेट प्रतिभाले भरिपूर्ण क्षेत्र भएको उल्लेख गर्दै यस प्रतियोगिताले विद्यालयस्तरमा लुकेर रहेका खेलाडीहरूको क्षमता उजागर गर्न महत्त्पूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "यहाँ क्षमता भएर पनि ओझेलमा परेका खेलाडीहरूलाई यो मञ्चले आफ्नो खेल प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछ।"

लहान क्रिकेट क्लबका अध्यक्ष विमल ठाकुरले खेलकुद क्षेत्रको विकास र युवा विद्यार्थीको क्षमता पहिचान गर्न यस्ता प्रतियोगिताहरू अत्यन्त उपयोगी रहेका बताउनुभयो। विद्यालयस्तरमा यस्ता गतिविधि हुनु सकारात्मक पक्ष भएको भन्दै उहाँले आयोजकको प्रशंसा गर्नुभयो ।लहान क्रिकेट क्लबसहित सिराहा जिल्ला क्रिकेट सङ्घ, मधेस प्रदेश क्रिकेट सङ्घ र क्रिकेट एसोसिएसन अफ नेपालसँग सहकार्यमा प्रतियोगिता आयोजना गरिएको हो । साथै, प्रतियोगिताको मिडिया पार्टनर शेख मिडिया हाउस प्रालि रहेको छ।

यसैबीच, लहान-४ यज्ञभूमि मैदानमा युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको पहलमा व्यवस्थित क्रिकेट रङ्गशाला निर्माण प्रक्रिया पनि अघि बढेको छ। त्यसका लागि मन्त्रालयबाट रु तीन करोड र लहान नगरपालिकाले रु दुई करोड बजेट व्यवस्था गरिसकेको लहान क्रिकेट क्लबका अध्यक्ष ठाकुरले जानकारी दिनुभयो। उहाँका अनुसार रङ्गशालाका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने काम भइरहेको छ ।रासस

# इजरायलको 'पूर्ण फिर्ता' बिना गाजा युद्धविराम अधुरो हुने कतारका प्रधानमन्त्रीको भनाइ



**एएफपी**

दोहा । वाशिङ्टन र संयुक्त राष्ट्रसङ्घको समर्थन प्राप्त शान्ति योजना अन्तर्गत इजरायली सेना प्यालेस्टिनी भूभागबाट फिर्ता नभएसम्म गाजा पट्टीमा लगभग दुई महिनादेखि जारी युद्धविराम पूरा नहुने मध्यस्थकर्ता कतारका प्रधानमन्त्रीले शनिबार बताउनुभएको छ।

"अब हामी एक महत्त्वपूर्ण क्षणमा छौं । इजरायली सेनाको पूर्ण फिर्ता नभएसम्म र गाजामा पुनः स्थिरता नआएसम्म युद्धविराम पूरा हुन सक्दैन ।" कतारी प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले खाडी राष्ट्रको राजधानीमा आयोजित वार्षिक कूटनीतिक सम्मेलन 'दोहा फोरम' मा सम्बोधनका क्रममा भन्नुभयो । कतारले संयुक्त राज्य अमेरिका र इजिप्टसँग मिलेर गाजामा लामो समयदेखि प्रतीक्षित युद्धविराम सुनिश्चित गर्न मद्दत गरेको थियो। अक्टोबर १० देखि जारी युद्धविरामले इजरायल र हमासबीचको दुई वर्ष लामो लडाइँलाई प्रायः रोकेको छ।

सम्झौताको दोस्रो चरण अन्तर्गत इजरायलले उक्त क्षेत्रमा रहेका आफ्ना स्थानहरूबाट फिर्ता हुनुपर्नेछ यद्यपि यो अझै सुरु हुन बाँकी छ। दोस्रो चरणको प्रवेशसँगै गाजामा स्थायित्वका लागि एक अन्तराष्ट्रिय बल परिचालन गरिनेछ र अन्तरिम प्राधिकरणले शासनको जिम्मा लिनेछ। अरब र मुस्लिम राष्ट्रहरू गाजामा नयाँ सुरक्षा संयन्त्र बनाउने कुरामा सहभागी हुन हिचकिचाइरहेका छन् । यसले अन्ततः प्यालेस्टिनी लडाकुहरूसँग लड्नुपर्ने हुन सक्छ। फोरममा बोल्दै टर्कीका परराष्ट्र मन्त्री हकान फिदानले भन्नुभयो, "सुरक्षा संयन्त्रसम्बन्धी वार्ता जारी छ र यसको कमान्ड, संरचनामा कुन देशहरूले योगदान गर्नेछन् भन्ने जस्ता महत्त्वपूर्ण प्रश्नहरू टुङ्ग्याउने काम बाँकी छन् ।

फिदानले भन्नुभयो, "गठन हुने नयाँ सुरक्षा संयन्त्रको योगदान प्यालेष्टाइनलाई इजरायली हस्तक्षेपबाट अलग गर्नु हुनुपर्छ। ""यो हाम्रो मुख्य उद्देश्य हुनुपर्छ। त्यसपछि हामी बाँकी रहेका अन्य मुद्दाहरूलाई सम्बोधन गर्न सक्छौं," उहाँले थप्नुभयो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा पहिलो पटक प्रस्तुत गरिएको २०-बुँदे योजना अन्तर्गत हमासले पनि आफ्ना हतियार बुझाउनुपर्नेछ, जसमा हतियारहरू बुझाउने हमास (लडाकू) लाई गाजा छोड्न अनुमति दिइनेछ। उक्त लडाकु समूहले यो प्रस्तावलाई बारम्बार अस्वीकार गरेको छ।

**दिगो समाधान**

टर्कीले गाजाको शान्तिका लागि गठन हुने नयाँ सुरक्षा संयन्त्रमा भाग लिन चाहेको सङ्केत दिएको छ तर इजरायलमा यसको प्रयासलाई नकारात्मक रूपमा हेरिन्छ। इजरायलले अङ्कारालाई हमाससँग धेरै नजिकको शक्ति मान्दछ।"मलाई लाग्छ, यो युद्ध अन्त्य गर्ने एकमात्र व्यावहारिक तरिका भनेको शान्ति वार्तामा निष्ठापूर्वक र दृढताका साथ संलग्न हुनु हो," फिदानले भन्नुभयो । प्रधानमन्त्री अल थानीले भन्नुभयो, "कतार र युद्धविरामका लागि अन्य सहयोगी टर्की, इजिप्ट र अमेरिकाले सम्झौताको 'अर्को चरणलाई अगाडि बढाउन हमास र इजरायललाई दवाव दिन शनिबार संयुक्त बैठकको आयोजना गरेका छन् ।

# रोसिङ्टनको अर्धशतकमा पोखरा आठ विकेटले विजयी



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल)को शनिबारको खेलमा पोखरा एभेन्जर्सले एडम रोसिङ्टनको अर्धशतकको सहयोगमा चितवन राइनोजलाई आठ विकेटले पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा एक सय २१ रनको सामान्य लक्ष्य पोखराले १९ दशमलव ४ ओभरमा दुई विकेट गमाउँदै पूरा गर्‍यो।

पोखराको जीतमा रोसिङ्टनले ४८ बल खेल्ने क्रममा पाँच छक्का र चार चौकाको सहयोगमा ६५ रन बनाए । प्रतियोगितामा पहिलो पटक अवसर पाएका अर्जुन कुमालले अविजित ४३ रन जोडे। उनले ५३ बल खेल्दै एक छक्का र दुई चौका प्रहार गरे।

पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १२० रन मात्रै बनाउन सक्यो । चितवनका लागि देव खनालले सर्वाधिक ३५ र अल्पेश रामजानीले अविजित ३३ रन बनाए । पोखराका धनन्जय लक्षनले ३ विकेट लिए ।

लिग चरणको अन्तिम खेल आइतबार दिउँसो ३:३० बजे जनकपुर बोल्ट्स र कर्णाली याक्सबीच हुनेछ ।रासस

# एनपिएलः विराटनगर क्वालिफायरमा प्रवेश



काठमाण्डु । राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा शनिबारको पहिलो खेलमा विराटनगर किंग्सले सुदूरपश्चिम रोयल्सलाई छ विकेटले पराजित गरेको छ।

जितका लागि पाएको १४८ रनको लक्ष्य विराटनगरले ११ दशमलव पाँच ओभरमा चार विकेट गुमाएर भेट्टायो। जसमा साम हिजलेट र फाफ डु प्लेसिसले अर्धशतकीय पारी खेले। साम ५१ र फाफ ५० रनमा आउट भए । सुदूरपश्चिमका अविनाश बोहराले दुई र हर्मित सिंहले एक विकेट हात पारे।

यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा १४७ रन बनायो । जसमा आरिफ शेखले सर्वाधिक अविजित ४५ र इशान पाण्डेले ३८ रन जोडे।

विराटनगरका कप्तान सन्दीप लामिछानेले तीन र प्रतिश जिसीले दुई विकेट हात पारे । आजको जितले विराटनगरले पहिलो क्वालिफायरमासुदूरपश्चिमसँगको भेट पक्का गरेको छ। सुदूरपश्चिम यसअघि नै क्वालिफायर पुगिसकेको थियो । इलिमिलेटरमाकाठमाडौंरलुम्बिनी खेल्नेछन् । शनिबारै ३:३० बजे चितवन राइनोज र पोखरा एभेञ्जर्स प्रतिस्पर्धा भएको छ ।रासस

महिला भलिबलः

# पुलिस क्लब फाइनलमा



झापा । अर्जुनधारामा जारी अर्जुनधारा खुला महिला भलिबल प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको छ। शनिबार भएको पहिलो सेमिफाइनल खेलमा पुलिसले ६-२५, १५-२५ र १७-२५ को सोझो सेटमा आर्मीलाई पराजित गरेको हो।

खेलको 'प्लेयर अफ दी म्याच' पुलिसकी एलिसा मानन्धर भइन् । उनले नगद पाँच हजार र ट्रफी प्राप्त गरेकी छिन्। प्रतियोगिताअन्तर्गत अन्तिम सेमिफाइनल खेल आजै समूह 'ए' को विजेता एपिएफ र समूह 'बी' को उपविजेता न्यु डायमन्डबीच भएको छ । अर्जुनधारा-६ मा रहेको लक्ष्मी माविको मैदान जारी प्रतियोगिताको फाइनल खेल आइतबार हुने सहआयोजक लक्ष्मी माविका अध्यक्ष वीरबहादुर राईले बताएका छन्। । झापामा राष्ट्रियस्तरको महिला भलिबल पहिलोपटक भएको हो।

प्रतियोगिताको विजेताले रु दुई लाख, उपविजेताले रु एक लाख र तेस्रो हुने टोलीले रु ३० हजार पुरस्कार पाउने आयोजक नगर खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्र धिमालले जानकारी दिएका छन् । त्यस्तै, सर्वोत्कृष्ट खेलाडीले रु १५ हजार पाउँदा, प्रत्येक दिनको 'प्लेयर अफ दी म्याच'ले रु पाँच हजार सहित ट्रफी प्राप्त गर्नेछन् । बेस्ट स्पाइकर, बेस्ट ब्लकर, बेस्ट सर्भर, बेस्ट सेटर र बेस्ट लिबेरोले जनही रु १० हजार र ट्रफी प्राप्त गर्ने प्रतियोगिता संयोजक प्रभा काम्बाङले बताएकी छिन् ।रासस

# अर्धशतकको संख्या ३३ पुग्यो



काठमाण्डु । राजधानीमा जारी एनपिएलमा अर्धशतकको सङ्ख्या ३३ पुगेको छ । विराटनगर किंग्सका साम हिजलेटले शनिबार सुदूरपश्चिम रोयल्सविरुद्ध अर्धशतक पूरा गरेसँगै अर्धशतकको सङ्ख्या ३३ पुगेको हो । जसमा २९ खेलाडी सामेल छन् ।

यसअघि जारी 'सिजन'मा चितवन राइनोजका रवि बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेल र कर्णाली याक्सका प्रियान्क पन्चालले दुई/दुई अर्धशतक हिर्काएका छन् ।

यस्तै सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, क्रिश लिन ईशान पाण्डे, विराटनगर किंग्सका लोकेश बम, फाफ डू प्लेसिस, मार्टिन गुप्टिल, बसिर अहमद, पोखराका सुमित बर्मा, जिमी निशम, एडम रोसिङ्टन, रिसि धवन, चितवनका डेविड मलान र अर्जुन साँउद, काठमाडौं गोर्खाजका भीम सार्की, जोन सिम्प्सन, बेन चार्ल्सवर्थ, कर्णालीका मार्क वाट, लुम्बिनीका डार्सी सर्ट, जनकपुर बोल्ट्सका वायन पार्नेल, सञ्जय कृष्णमूर्ति, माज सदाकत, अनिल शाह र आशिफ शेखले एक/एक अर्धशतक हिर्काएका छन् । कर्णालीका मार्क वाट र पोखराका एडम रोसिङ्टनले मात्रै जारी प्रतियोगितामा शतक प्रहार गरेका छन् ।रासस

# इन्डोनेसियामा बाढी र वर्षाले हजारौं प्रभावित, मृतक संख्या बढ्ने जोखिम



**एएफपी**

बान्डा अचे । इन्डोनेसियाको सुमात्रा टापुमा थप भारी वर्षाले पहिले नै बाढीबाट प्रभावित क्षेत्रलाई थप चुनौतीपूर्ण अवस्था सिर्जना गर्ने सङ्केत देखिएको छ। अचे प्रान्तका गभर्नर मुजाकिर मनाफका अनुसार मृतकको सङ्ख्या ८८३ भन्दा बढी हुन सक्ने सम्भावना छ, जसको मुख्य कारण भोकमरी रहेको छ ।

सुमात्रा र दक्षिण तथा दक्षिणपूर्व एशियामा आएको उष्णकटिबंधीय तूफान र वर्षाले बाढी निम्त्याएको छ । गत हप्तादेखि इन्डोनेसिया, श्रीलङ्का, मलेसिया, थाइल्याण्ड र भियतनाममा प्राकृतिक प्रकोपका कारण एक हजार ७७० भन्दा बढी मानिसको मृत्यु भएको छ।

इन्डोनेसियाको मौसम विभागले अचे र उत्तर सुमात्रामा पुनः वर्षाको सम्भावना रहेको जानकारी दिएको छ । यी क्षेत्रमा बाढीले सडक बगाएको, घर माटोले ढाकिएको र आपूर्ति रोकिएको अवस्था छ । गभर्नर मनाफले भन्नुभयो," टोलीहरूले अझै माटोमा शव खोजिरहेका छन् । यसैबीच, सबैभन्दा ठूलो चुनौती भोकमरी बनेको छ ।"गभर्नरले बताए, "धेरै क्षेत्र अझै पहुँचविहीन छन् । मानिसहरू बाढीका कारण मर्दैनन्, तर भोजन अभावले पीडित छन् ।" अचे टामियाङ्ग क्षेत्रमा केही गाउँ पूर्ण रूपमा बाढीले प्रभावित भएका छन्।

अचेका बासिन्दा मुनावर लिजा जैनलले सरकारले तत्काल राष्ट्रिय प्रकोप घोषणा नगरी बस्दा आफूलाई निराश महसुस भएको बताउनुभएको छ। उहाँले भन्नुभयो,"यो असाधारण प्रकोप हो, जसका लागि विशेष उपाय आवश्यक छ । यदि राष्ट्रिय प्रकोप पछि मात्र घोषणा गरिन्छ भने त्यसको प्रभाव सीमित हुन्छ।"

विश्लेषकहरूले राष्ट्रिय प्रकोप घोषणा ढिला हुनुको सम्भावित कारण अतिरिक्त विदेशी सहायता प्राप्त गर्ने प्रयाससँग सम्बन्धित हुन सक्ने सुझाव दिएका छन्। तर सरकारले स्थिति व्यवस्थापन गर्न सकिने विश्वास व्यक्त गरेको छ।

# यमनमा शान्ति प्रयासः २६ शव हस्तान्तरणसँगै वार्ताको वातावरण सहज



**सिन्ह्वा**

साना । यमन सरकारले संयुक्त राष्ट्रसङ्घको पहलमा पुनः सुरू हुन लागेको वार्ताको तयारीस्वरूप शुक्रबार 'विद्रोही हुथी समूह' का २६ सदस्यका शव हस्तान्तरण गरेको जनाएको छ।

सरकारी टेलिभिजनमार्फत प्रसारित वक्तव्य अनुसार यी शव स्थानीय मध्यस्थमार्फत, अन्तर्राष्ट्रिय रेड क्रस समितिको प्रत्यक्ष निगरानीमा विद्रोही हुथी पक्षलाई बुझाइएका हुन्।

सरकारले जनाएअनुसार, यी शव हालै मारिब र अल-जाउफ प्रान्तमा भएका छिटपुट भिडन्तमा मारिएका हुथी सदस्यका थिए । विद्रोही हुथी पक्षले मध्यस्थमार्फत उनीहरूको पहिचान पुष्टि गरेपछि मात्र शव हस्तान्तरण गरिएको राज्य सञ्चालित साबा समाचार एजेन्सीले जनाएको छ ।सरकारी वार्ता समिति प्रमुख याह्या काजमानले यो एकतर्फी कदम बन्दी, बेपत्ता पारिएका व्यक्ति तथा अपहरण पीडितहरूको मुद्दा समाधानतर्फ प्रगति गर्न सरकारले देखाएको सद्भावको अभिव्यक्ति भएको बताउनुभयो । साथै, यसले केही दिनमै सुरु हुन लागेको बन्दी-बिनिमयसम्बन्धी नयाँ वार्ताको वातावरण सहज बनाउने अपेक्षा व्यक्त गर्नुभयो ।

विद्रोही हुथी समूहले यसबारे हालसम्म प्रतिक्रिया दिएको छैन ।गत हप्ता यमनका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष दूत हान्स ग्रुन्डबर्गले ओमानको राजधानी मस्कटमा आयोजित मध्यस्थता बैठकमा सहभागी भएको जानकारी दिँदै, यमनका द्वन्द्वरत पक्षबीचको शान्ति वार्ता चाँडै पुनः सुरु हुने सङ्केत दिएका थिए।

# टोखाभित्रका मुख्य सडकमा ‘स्मार्ट सडकबत्ति’



काठमाण्डु । काठमाडौँको टोखा नगरपालिकाभित्रका मुख्य सडकमा ‘स्मार्ट सडकबत्ति’ जडान गरिएको छ ।

टोखा नगरपालिकाको ६५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ३५ प्रतिशत लगानीमा टोखाभित्रका मुख्य सडकमा ‘स्मार्ट सडकबत्ति’ जडान गरिएको हो । उक्त सडकबत्तिको नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले शुभारम्भ गर्नुभयो । स्मार्ट सडकबत्तिको शुभारम्भ गर्दै नगरप्रमुख अधिकारीले उज्यालो टोखा निर्माण गर्ने आफ्नो प्रतिवद्धता पुरा भएको बताउनुभयो । उहाँका अनुसार सामाखुशीदेखि भोर, नयाँ बसपार्कदेखि भत्केको पुल, साउथ वेस्टन कलेजदेखि धापासी हाइट र दाहालगौँडादेखि ग्रीनल्याण्ड क्षेत्रमा सडकबत्ति जडान गरिएको छ ।

टोखा नगरपालिकाले २०८१ पुस २४ गते टोखाभित्रका मुख्य सडकमा यातायात व्यवस्था प्रभावकारी बनाउन र शान्ति सुरक्षा कायम गर्न तथा सामाजिक सुरक्षालगायतका सेवा सुविधालाई चुस्त दुरुस्त राख्न सडकबत्ति जडान गर्न नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेको थियो । उक्त सम्झौताअनुसार टोखामा सडकबत्ति जडान गर्न नगरपालिकाले ६५ प्रतिशत र प्राधिकरणले ३५ प्रतिशत रकम व्यहोर्ने उल्लेख गरिएको थियो । सम्झौताअनुसार टोखा नगरपालिकाले रु दुई करोड ८४ लाख ८३ हजार र प्राधिकरणले रु एक करोड ५३ लाख ३७ हजार लगानी गर्ने उल्लेख छ ।

सडकबत्ति जडान गर्न प्रविधिको छनोट, बोलपत्रमार्फत खरिदकार्य सम्पन्न तथा निर्माणकार्यको सुपरिवेक्षणलगायतकार्य प्राधिकरणले गर्ने सम्झौतामा उल्लेख थियो । नगरपालिकाको स्वामित्वमा रहेका सोलार, सडकबत्ति जडित खम्बामा नयाँ स्मार्ट सडकबत्ति जडान गर्नुपर्ने भएमा नगरपालिकाले आफ्नै खर्चमा हटाइदिने, नगरपालिकाले सडकबत्ति उपयोग गरेवापत प्राधिकरणलाई तिर्नुपर्ने बाँकी बक्यौता रकम कानुन बमोजिम तिर्ने, सडकबत्तिको प्रयोग गरेवापतको रकम मासिक रूपमा प्राधिकरणलाई भुक्तानी गर्ने सम्झौतामा उल्लेख थियो ।रासस

# बाँस प्रवर्द्धनमा लागेको दिक्तेल रुपाकोट मझुवागढी नाष्टद्वारा पुरस्कृत

खोटाङ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट)ले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई पुरस्कृत गरेको छ । नाष्टको ४३औँ वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहका अवसर पारेर शनिबार आयोजित कार्यक्रममा नगरपालिकालाई ‘भुवनेश्वर प्रविधि पुरस्कार-२०८२’ प्रदान गरिएको हो ।

बाँसजन्य स्रोतको संरक्षण, प्रवर्द्धन तथा प्रयोगमार्फत स्थानीयस्तरमा यसलाई भवन निर्माण, हस्तकला, व्यावसायिक उत्पादन तथा वातावरणमैत्री समाधानका रूपमा रुपान्तरणसँगै बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा उल्लेखनीय भूमिका निर्वाह गरेकाले नगरलाई पुरस्कृत गरिएको नाष्टले जनाएको छ ।

नगरपालिकाले प्राप्त गरेको उक्त पुरस्कार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानबाट निर्माणमा किफायत हुने प्रविधि विकास गर्ने, प्रविधिको अनुसन्धान तथा अनुसन्धानका क्षेत्रमा योगदान दिन सफल अनुसन्धानकर्ता वा संस्थाको प्रोत्साहन तथा सम्मानका लागि स्थापना गरिएको पुरस्कार हो ।

कृषि विकास, वातावरण संरक्षण, जलस्रोत व्यवस्थापन, जैविक विविधता, शिक्षा, सेवा प्रवाह, सुशासन, पारदर्शिता, प्राविधिक सुविधा तथा समग्र विकासका विभिन्न सूचकमा सञ्चालन गरेको मूल्याङ्कनमा देशका ७५३ वटा स्थानीय तहमध्ये यो नगरपालिका सबैभन्दा उत्कृष्ट रहेको नाष्टद्वारा उपलब्ध पत्रमा जनाइएको छ ।

नाष्टका कुलपति एवम् सरकारका प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा यही मङ्सिर १२ गते बसेको नाष्टको ४९औँ प्राज्ञसभाले यो नगरपालिकालाई ‘भुवनेश्वर प्रविधि पुरस्कार’बाट पुरस्कृत गर्ने निर्णय गरेको थियो । नाष्टले प्रदान गरेको रु २५ हजार राशिको पुरस्कार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवम् नाष्टका सहकुलपति महावीर पुनले आज ललितपुरस्थित खुमलटारमा आयोजित कार्यक्रममा हस्तान्तरण गर्नुभयो ।




पुरस्कार ग्रहण गर्दै नगरप्रमुख तीर्थराज भट्टराई भन्नुभयो, “नाष्टले प्रदान गरेको यो पुरस्कार नगरवासीको सामूहिक मेहनत र प्रतिबद्धताको परिणाम हो । नगरको यो उपलब्धिलाई संरक्षण गर्दै आगामी दिनमा कृषि, वातावरण, शिक्षा, सामाजिक समावेशीकरण, पूर्वाधार विकास र सुशासनका क्षेत्रमा प्रभावकारी काम गर्दै जाने हौसला मिलेको छ”, उहाँले भन्नुभयो, “यो सम्मान आफैँमा गर्विलो र ऐतिहासिक छ । नाष्टको मूल्याङ्कनबाट पाइएको राष्ट्रिय सम्मानको गरिमालाई बचाइराख्न जनप्रतिनिधि तथा कर्मचारी इमान्दारीपूर्वक काममा लाग्ने प्रतिबद्धता गर्दछौँ ।”

यसैबीच, नाष्टको पत्र प्राप्त भएपछि नगरपालिकाले गत बुधबार पत्रकार सम्मेलन गरेर नगरवासी तथा सरोकार भएका सबैलाई सोबारे जानकारी दिएको थियो । दश स्थानीय तह रहेको जिल्लाका अन्य स्थानीय तहमध्ये दिक्तेल रुपाकोट मझुवागढीले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यसहित बाँस तथा बाँससम्बन्धी उद्योगको प्रवर्द्धन गर्दै आएको छ ।

बाँस तथा बाँसजन्य सामग्रीको प्रवर्द्धन तथा नीति निर्माणका लागि दबाब सिर्जना गर्न नगरप्रमुख भट्टराई गत साउन १४ गते काठमाडौँमा सत्याग्रह बस्नुभएको थियो । उहाँ सत्याग्रह बसेको चार महिनापछि सङ्घीय ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवम् सहरी विकासमन्त्री कुलमान घिसिङले बाँसका संरचना निर्माणसम्बन्धी मार्गदर्शन स्वीकृत गर्नुभएको थियो ।

मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत मार्गदर्शनले पहिलोपटक नेपालमा बाँसलाई संरचनात्मक निर्माण सामग्रीका रूपमा औपचारिक मान्यता दिएको छ । जसअनुसार बाँसबाट एकदेखि दुईतले आवासीय भवन, साना व्यावसायिक तथा औद्योगिक भवनहरू इन्जिनियरिङ डिजाइनका आधारमा निर्माण गर्न सकिने छ ।

सहरी विकास मन्त्रालयबाट स्वीकृत भएको मार्गदर्शनलाई यथाशीघ्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्थानीय तहमा परिपत्र गर्ने तयारी भइरहेको छ । सङ्घीय सरकारले स्वीकृत गरेको मार्गदर्शनमा बाँसको कटानी, ग्रेडिङ, रासायनिक उपचार, भण्डारण र प्रयोगको विस्तृत मापदण्डसहित भूकम्प प्रतिरोधी, वातावरणमैत्री र किफायती संरचना निर्माणका लागि आवश्यक प्राविधिक विवरण र घरका नमूना डिजाइनसमेत समावेश गरिएको छ ।

सरकारद्वारा स्वीकृत मार्गदर्शनले देशभर बाँस उद्योग स्थापना गर्न, वातावरणमैत्री भवन निर्माण र स्थानीय उत्पादन प्रवर्द्धनका लागि ऐतिहासिक कदम भएको नगर उपप्रमुख विशन राईले बताउनुभयो । “सरकारको यो निर्णयले खेर गइरहेका बाँसलाई उपयोगमा ल्याउँदै स्थानीयस्तरमा उद्योग स्थापना गरेर युवापुस्ताका लागि रोजगारी सिर्जना गर्ने बाटो खुलेको छ । यो देशभरका स्थानीय तह तथा उद्यमीका लागि उपलब्धि हो”, उहाँले भन्नुभयो, “हाम्रो नगरपालिकामा १३ किसिमका बाँस पाइन्छन् । बाँससम्बन्धी काम गरिरहेका विभिन्न निकायसँगको सहकार्यमा प्रवर्नको काम सुरु गरेका छौँ ।”

नगरपालिकाले ‘जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहा बाँस’ भन्ने नार ासहित गत फागुन १५ गतेदेखि तीनदिने ‘प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१’ आयोजना गरेको थियो । दिक्तेल बजारमा सम्पन्न प्रथम राष्ट्रिय बाँस सम्मेलनले जारी गरेको ३५ बुँदे ‘खोटाङ घोषणा-पत्र’मा दिक्तेलमा बाँस अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्न पहल गर्ने, पहिलोपटक राष्ट्रिय बाँस सम्मेलन सुरु भएको दिन फागुन १५ गतेलाई हरेक वर्ष ‘राष्ट्रिय बाँस जागरण दिवस’ का रूपमा मनाउने, प्रत्येक तीन वर्षमा राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्नेलगायत निर्णय समेटेर खोटाङ घोषणापत्र पारित गरेको थियो । रासस

# ‘अभिमन्युः च्याप्टर एक’ प्रदर्शनमा

काठमाण्डु । नेपाली चलचित्र ‘अभिमन्युः च्याप्टर-१’ नेपालभर प्रदर्शन भएको छ । तराईको पृष्ठभूमिमा तयार गरिएको उक्त चलचित्रमा सामाजिक संदेशसहित मनोरञ्जनात्मक कथा प्रस्तुत गरिएको निर्माता विनोद पौडेलले बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामीले एउटा सन्देशमूलक कथालाई चलचित्रको शैलीमा रोमाञ्चक बनाएर प्रस्तुत गरेका छौँ । यसले मनोरञ्जन र सन्देश दुवै दिन्छ भन्ने हाम्रो विश्वास छ । नियमित रूपमा बनिरहेका चलचित्रभन्दा फरक बनाउने कोसिस गरेका छौँ ।”

निर्माता पौडेलसहितका समूहले निर्माण गर्नुभएको




‘पूर्णबहादुरको सारङ्गी’ले नेपालमा ऐतिहासिक व्यापार गर्न सफल भएको थियो । यो उहाँले निर्माण गर्नुभएको दोस्रो चलचित्र हो । अब्बल अभिनेताका रूपमा परिचित कामेश्वर चौरसियाले कलाकारिता सुरू गर्नुभएको झण्डै सत्र वर्षपछि यहि चलचित्रमा मुख्य भूमिकामा देखिनुभएको छ ।

“मैले यही क्षणको प्रतीक्षा गरिरहेको थिएँ । यो समयका लागि मैले धेरै मेहनत गरेको छु । मधेसको कथामा बनेको चलचित्र भएकाले निर्माण पक्षले मलाई रोज्नु स्वाभाविक हो । यो मेरो सङ्घर्षको फल हो र मैले पात्रलाई जीवन्त बनाउन सकेको प्रयत्न गरेको छु”, अभिनेता चौरासियाले भन्नुभयो ।

अभिनय यात्रामा पहिलोपटक आफूले कथालाई अगाडि बढाउने अवसर पाउँदा बाल्यकालमै कलाकारिता गर्ने सपना पूरा भएको महसुस गरेको अभिनेता चौरासियाले बताउनुभयो । उक्त चलचित्रमा उहाँसँगै किरण श्रेष्ठ, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, प्रकाश दाहाल र सुष्मा निरौलालगायत कलाकारले अभिनय गर्नुभएको छ । चलचित्रमा सुशान्त गौतमले निर्देशन, मुकेश खनालले लेखन, शरद महतोले छायाङ्कन र मदन घिमिरेले सम्पादन गर्नुभएको छ ।रासस


मधेश प्रदेश सरकार

## मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान

## प्रादेशिक अस्पताल

मधेश प्रदेश

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२।०८।२१

यस प्रतिष्ठान अन्तरगतको प्रादेशिक अस्पतालको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये इकाई दररेटमा मुल्याङ्कनबाट तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरुको लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | सुचना प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम | इकाई दररेटमा सबैभन्दा कम कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|---|
| 1 | 25/08/2025 | MIHS/PH/NCB/ GOODS/2082-83/01; The Procurement of Supply and delivery of Aama Surakshya & Other's Karyakram Medicine and Surgical Goods. | Bardibas Surgical Pvt.Ltd. Bardibash-01, Mohattari | 24,39,417.25 |
| 2 | | | Nikki Pharma Distributors, Dharan Surnsari | 62,70,780.10 |
| 3 | | | Mediplus Pharma Distributors, Bharatpur-10, Chitwan | 20,18,487.90 |
| 4 | | | Luv Medical Hall, Jaleshwar-4, Mahottari | 28,89,861.00 |
| 5 | | | Medi Sales Pharma, Bharatpur-12, Chitwan | 1,85,775.00 |

(अस्पताल निर्देशक)

## मटिहानी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गर्ने आश्यको सूचना

प्रकाशित मिति :- २०८२/०८/२१

यस कार्यालयको मिति २०८२/७/१९ गते राष्ट्रिय दैनिक पत्रिकामा दरभाउपत्र सम्बन्धि प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि दरभाउपत्र आवहान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमका सिलबन्दी दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम मूल्याकित सारभत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को उपनियम ११ समेतको प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीको लागि यो सचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 1/M-Mun/B/ SQ/082/083 | अधुरो कमलामाई मन्दिर निर्माण कार्य, मटिहानी-०८ | श्री आर. के. कन्स्ट्रक्सन, जलेश्वर-०६ | १६,८७,७११/२९ |
| २ | 2/M-Mun/B/ SQ/082/083 | सहनी जातिको कूल देवी कमलामाई मन्दिर निर्माण कार्य, मटिहानी-०९ (सिमरदही) | श्री बालाजी कन्स्ट्रक्सन ७ सप्लायर्स, जलेश्वर-०२, महोत्तरी | १६,७०,१८८/६० |
| ३ | 3/M-Mun/R/ SQ/082/083 | या.ला.ना. विद्यापिठको कम्पाउण्ड भित्र रहेको सडक पी.सी.सी./इन्टरव्लक लगाउने कार्य, मटिहानी न.पा.-७ | श्री अन्नपूर्णा ट्रेडर्स.एकडारा-०३, महोत्तरी | १२.६३,२३९/७१ |
| ४. | 4/M-Mun/B/ SQ/082/083 | आँप संकलन केन्द्र अगाडी टूस निर्माण कार्य, मटिहानी न.पा.-७ | श्री आर. के. कन्स्ट्रक्सन, जलेश्वर-०६ | १२,५४,५८६/८४ |

प्रमुख प्रशासकीय अधिकृत

## मटिहानी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गर्ने आश्यको सूचना

प्रकाशित मिति :- २०८२/०८/२१

यस कार्यालयको मिति २०८२/०७/१९ गते राष्ट्रिय दैनिक पत्रिकामा दरभाउपत्र सम्बन्धि प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि दरभाउपत्र आवहान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमका सिलबन्दी दरभाउपत्रदाताको दरभाउपत्र अधितम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सम्बन्धित सबै दरभाउपत्रदाताहरुका जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | आय ठेक्का नं. | पोखरीको नाम/ठेगाना | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 1/M-Mun/P/ SQ/082/083 | दुःख पोखरी, मटिहानी न.पा-०२ (आवर) | सिरजु बिन मटिहानी-०२ | रु.२४,५५,०००/- अक्षरेपी चौविस लाख पचवन हजार मात्र |

प्रमुख प्रशासकीय अधिकृत

# विमला देवीको स्मरणमा स्मृति सभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टीका नेता गिरिराजमणि पोखरेलले पुराना धार्मिक परम्परालाई तोड्नुपर्ने आवश्यकता अझै पनि रहेको बताए छन् ।

जनकपुरधाममा शनिबार श्रीमती विमला देवी कर्णको स्मरण तथा स्मृति सभामा बोल्दै पूर्वमन्त्रीसमेत रहेका नेता पोखरलले मृत्यू जस्तो दुःखद घडीमा पनि समाजमा श्राद्ध भोज गर्ने परम्परा हटाउनुपर्ने बताए ।

उनले विगतको समाजमा आवश्यकता अनुसार नै पुराना परम्पराको अन्त्य गर्दै नयाँ थालनी भए पनि अबको नयाँ समाजले मानिस आफैँले बनाएको विगतको परम्परा र मूल्यमान्यतालाई नयाँ ढंगले परिमार्जन गर्दै अघि बढ्नुपर्ने आवश्यकता रहेको औँल्याए ।

त्यस्तै साहित्यकार डा. राजेन्द्र विमलले धार्मिक मूल्यमान्यता आफ्नो ठाउँमा रहे पनि मृत्यू पछि गरिने १३ औं दिनसम्मको काजकिरियाबारे छलफल बहस हुनुपर्ने बताए ।

मानिस जीवन पर्यन्तसम्म बाँच्दा घरमै समेत हेपिनुपर्ने समाजमा बाध्यता रहेका बताउँदै



डा. विमलले समाजमा बाचुञ्जेल मानप्रतिष्ठासंगै घरव्यवहारमा सम्मान सत्कार हुनुपर्नेमा जोड दिए । मृत्यूपछि हुने सम्मान, किरियाकर्मलगायतका विधिहरुमाथि गम्भीर बहस हुनुपर्ने उनको भनाइ छ ।

साहित्यकार रमेश रञ्जनले समाजमा धार्मिक परिवर्तनको आवश्यकता रहेको बताए । उनले धर्मका नाममा हुने गरेको कर्मकाण्डीले गरिबी र मुर्ख निम्त्याउने गरेकाले समाजमा चेतना जगाउने कार्यको प्रशंसा गरे ।

राजनीतिकर्मी रामरिझन यादवले गरिबी र मुर्ख बनाएर राख्ने कर्मकाण्डी र पुरोहितहरुको एक समूहले नयाँ नयाँ खेल रचेर अन्धभक्त जन्माउने गरेको र समाजलाई अन्धकारमा राख्न विभिन्न खाले प्रपञ्चहरु रच्ने गरेको बताए ।

त्यस्तै मिथिला नाट्यकला परिषद्का पूर्वअध्यक्ष सुनिल मल्लिकले विमलादेवी कर्णको स्मरण गर्दै उनको दुःखद संघर्षको चर्चा गरे । युवा अभियन्ता सुशील कर्णले समाज अझै पनि पुरानै मानसिकताबाट ग्रस्त रहेकाले नयाँ इतिहास रच्न अहिलेका युवापुस्तालाई निकै चुनौती रहेको बताए ।

साहित्यकार रोशन जनकपुरीकी धर्मपत्नी विमला देवी कर्णको निधन भएको १४ औं दिनपछि उनको स्मरणमा स्मरण तथा स्मृति सभा आयोजना गरिएको थियो ।

वाम साहित्यकार जनकपुरीले पत्नी विमलाको निधन भए पनि धार्मिक संस्कार अनुसार कुनै पनि विधि नगरी १४ औं दिनपछि स्मृतिसभा आयोजना गरेका थिए ।

तत्काली नेकपा माओवादीले थालेको १० वर्षे जनयुद्धको क्रममा जनकपुरी भूमिगत हुँदा उनकी पत्नी विमलाले निकै चुनौतीपूर्ण तवरले आफ्नो जीवनमा लामो संघर्ष गरेका थिए । सो क्रममा पनि उनीसहित परिवारले प्रहरी प्रशासनको विभिन्न खाले यातना खेपेकी थिइन् ।

जनकपुरीले आफ्नो आमाको निधन हुँदा पनि कुनै पनि किसिमको धार्मिक रितिरिवाज अनुसार कर्मकाण्ड गरेका थिएनन् ।

सो क्रममा नेकपाका नेतासमेत रहेका पूर्वमन्त्री महेन्द्र पासवान, पूर्वमन्त्री बोधमाया यादव, पूर्वमन्त्री सुनिता यादव, प्रदेश सांसद दिलीप साह, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, भौतिकवादी वैद्यनाथ श्रमजीवीलगायतको सहभागिता रहेको थियो ।

# ‘सभापतिमा उम्मेदवारी दिन्छु’

“यो पटक पार्टीका साथीले नयाँ नीति, नयाँ सन्देशसँगै नयाँ नेतृत्व छान्नुहुन्छ भन्नेमा म विश्वस्त छु,” थापाले भन्नुभयो, “१५ औं महाधिवेशनमा म सभापतिको प्रत्यासी हो ।”

**टुडे समाचारदाता**



मलंगवा । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीको आसन्न १५ औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

मलंगवामा शनिबार नेपाल प्रेस युनियन सर्लाहीले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा थापाले आफू सभापतिको उम्मेदवार हुने घोषणा गरे । पूर्वमन्त्रीसमेत रहेका महामन्त्री थापाले भने, “यो पटक पार्टीका साथीले नयाँ नीति, नयाँ सन्देशसँगै नयाँ नेतृत्व छान्नुहुन्छ भन्नेमा म विश्वस्त छु,” थापाले भन्नुभयो, “१५ औं महाधिवेशनमा म सभापतिको प्रत्यासी हो ।”

कांग्रेस महामन्त्री थापाले फागुन २१ को प्रतिनिधिसभा निर्वाचन अघि नै पार्टीको महाधिवेशनमा जानुपर्ने स्थिति बनेको बताए । बिचको केही समय छलफल र बहसमा खेर फाले पनि अब छोटो समयमा पार्टीको महाधिवेशन सम्पन्न गरेर फागुन २१ को निर्वाचनमा सरिक हुने निर्णय गरिएको कांग्रेस महामन्त्री थापाले बताए ।

पार्टीको महाधिवेशन र निर्वाचनको तयारी सँगसँगै अघि बढाइएको थापाले बताए । कांग्रेस महामन्त्री थापाले वर्तमान सरकारले फागुन २१ मा चुनाव गराउने विश्वास व्यक्त गरे । चुनावले संविधानमाथिको क्षति थप बढ्न नदिने उनको भनाइ छ । उनले भने, “नेपाली कांग्रेसको तर्फबाट फागुन २१ को निर्वाचनप्रति हामी पूर्ण प्रतिबद्ध छौं,” महामन्त्री थापाले भने, “दलहरू तयार भइसकेकाले सरकार पनि सम्पूर्ण संसय हटाएर निर्वाचन गराउने गरी अघि बढ्नुपर्छ ।”

उनले जेन- जी आन्दोलनपछि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार निर्वाचनका लागि चुनौति हुन सक्ने कुरा सरकारलाई अवगत गराइएको बताए । उनले सबै समूह र राजनीतिक दलले चुनावमा भाग लिन पाउनुपर्ने माग शुक्रबार प्रधानमन्त्री सुशीला कार्कीले राखेको सर्वदलिय बैठकमा राखिएको बताए ।

कांग्रेस महामन्त्री थापाले आफू यो पटक पनि काठमाण्डुबाटै चुनाव लड्ने बताए । सर्लाहीको क्षेत्र नं. ४ बाट यसअघिको निर्वाचनमा समेत चुनाव लड्न प्रस्ताव आए पनि पार्टीभित्र प्रायः आफ्नै क्षेत्रबाट चुनाव लड्ने परिपाटी रहेकाले आफू अहिलेकै निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धी हुने कांग्रेस महामन्त्री थापाले बताए ।

# ‘आँखाको उपचारमा मुलुकले राम्रो प्रगति गरेको छ’



**टुडे समाचारदाता**

वीरगञ्ज । पूर्वराष्ट्रपति डा. रामवरण यादवले नेपालले आँखा उपचारमा गुणस्तरीय सेवा दिँदै आएको बताएका छन् ।

वीरगञ्जमा शनिबार वीरगञ्ज दृष्टि आँखा, नाक, कान र घाँटी अस्पतालको नवनिर्मित भवनको उद्घाटन गर्दै पूर्वराष्ट्रपति यादवले भारतको उत्तरीराज्यभन्दा नेपालको आँखा उपचार विशिष्टकृत र अब्बल रहेको बताए ।

पूर्वराष्ट्रपति यादवले भने, ‘आफू चिकित्सक पेशामा संलग्न रहँदा नेपालबाट ठूलो संख्यामा आँखाका रोगी उपचारका लागि भारत जाने गरेका थिए । मुलुकले आँखाको उपचारमा फड्को मारेपछि वर्षैनी हजारौँ आँखाका रोगी भारतबाट नेपाल भित्रिएका छन् यसलाई ठूलो परिवर्तन तथा उपलब्धिको रुपमा लिनुपर्छ ।’

प्रथम राष्ट्रपति डा. यादवले अस्पतालको नवर्निमित भवनको उद्घाटन तथा ११ औं वार्षिक उत्सवको उपलक्ष्यमा आयोजित कायिक्रममा मुलुकले कम समयमा आँखाको क्षेत्रमा ठूलो परिवर्तन तथा उपलब्धि हासिल गर्नमा निजी सामुदायिक र सरकारी आँखा अस्पतालको ठुलो भूमिका रहेको बताए ।

पूर्वराष्ट्रपति यादवले भने, “भारतको बिहार, उत्तरप्रदेश, बङ्गाललगायत राज्यका बिरामी पनि गुणस्तरीय आँखाको उपचार गर्नका लागि यहाँ आउने उदाहरणले पनि यहाँको सेवा विकासबारे प्रस्टाउँछ। यी हाम्रा लागि सकारात्मक उपलब्धि छन् ।”

अस्पतालका कार्यकारी निर्देशक भाइराजा श्रेष्ठले अस्पतालले नवनिर्मित अत्याधुनिक भवनबाट आँखा, नाक, कान, घाँटीलगायत उपचार सेवा दिँदै आएको जानकारी दिए ।

# ब्राउन सुगरसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**



जलेश्वर । लागूऔषधब्राउनसुगर ओसारपसार आरोपमाबालिकासहित बर्दीबासबाट दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

पक्राउ पर्नेहरूमा जलेश्वर नगरपालिका- ६ का २६ वर्षीय मोटरसाइकल चालक बिक्कीकुमार मिश्र र पछाडि सवार पोखरा घर भइ हाल जनकपुर उपमहानगरपालिका २२ का १६ वर्षीया नेहा परियार रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

विशेष सूचनाका आधारमा बर्दिबासस्थित लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले दुबैलाई ४७ ग्रामभन्दा बढी ब्राउन सुगरसहित नियन्त्रणमा लिएको जनाएको छ ।

व्युरो प्रमुख सरोज अधिकारीले प्रहरीले हिजो शुक्रबार साँझतर्फ बर्दिबास नगरपालिका- १ स्थित राष्ट्रिय बाणिज्य बैंकअगाडिको भित्री सडक खण्डमा गौरीडाँडातर्फ जाँदै गरेको प्रदेश २-०२-००५ प ३१५९ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा ब्राउन सुगरसहित दुवैजना पक्राउ परेको जानकारी दिए ।

चेकजाँचका क्रममा नेहा परियारले हातमा बोकेको सेतो प्लास्टिकको झोलाभित्र चकलेटको बट्टामा लुकाइ राखिएको अवस्थामा दुई वटा सेतो प्लास्टिकको प्याकेटभित्र ब्राउन सुगर फेला परेको थियो । तौल गर्दा प्लास्टिकसहित ५२.८५० ग्राम र शुद्ध तौल ४७.६२० ग्राम रहेको उनले बताए ।

बरामद गरिएको लागूऔषध तथा मोटरसाइकलसहित दुवै जनालाई आवश्यक कारबाहीका लागि शुक्रबार राति नै बर्दीबासस्थित इलाका प्रहरी कार्यालयमा बुझाइएको उनको भनाइ छ ।

# राजर्षि जनक विश्वविद्यालयमा तालाबन्दी

**टुडे समाचारदाता**



जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालय विश्वविद्यालयमा प्रवेश परीक्षा सञ्चालन सम्बन्धी विवाद चर्किएपछि विद्यार्थीहरुले तालाबन्दी गरेका छन् ।

विभिन्न विद्यार्थी संगठनहरूले शान्तिपूर्ण समाधान खोज्नका लागि माग गरेका छन् । विश्वविद्यालयमा मंसिर १५ गतेदेखि शुरु भएको विरोध निरन्तर जारी रहेपछि विवाद थप संवेदनशील बनेको छन् ।

स्वतन्त्र विद्यार्थी युनियनका सभापति प्रवेश यादवले कुनै सूचना सार्वजनिक नगरी नयाँ विद्यार्थीको प्रवेश परीक्षा लिएको आरोप लगाउँदै क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेका थिए ।

तर १७ मंसिरमा रजिस्ट्रार प्रा. डा. सत्यनारायण साहले सञ्चारमाध्यमलाई दिएको प्रतिक्रियामा क्याम्पस प्रमुखले केन्द्रीय कार्यालयको निर्देशनअनुसार रिक्त सिटका लागि प्रवेश परीक्षा सञ्चालन गरेको स्पष्टिकरण दिँदै आरोप असत्य भएको जनाएका छन् । यस स्पष्टीकरणपछि विभिन्न विद्यार्थी संगठनहरूको संयुक्त विज्ञप्तिमा क्याम्पस प्रशासनको काम निर्देशानुसार भएको भन्दै व्यक्तिगत मनोमानीको आरोप निराधार रहेको उल्लेख गरिएको छ ।

उक्त विज्ञप्तिले विवाद समाधानका लागि भावनात्मक प्रतिक्रिया र तालाबन्दी नभइ तथ्य र प्रक्रियामा आधारित छलफल नै उपयुक्त बाटो भएको बताएको छ ।

संगठनहरूलेसभापतियादवलाई क्याम्पस प्रमुखको कार्यकक्षमा गरिएको तालाबन्दी तत्काल खोल्न आग्रह गर्दै उपकुलपति, रजिस्ट्रार, क्याम्पस प्रमुख, विद्यार्थी संघ र सरोकारवालाहरूसहितको सर्वदलीय छलफल तुरुन्त बोलाउन विश्वविद्यालय प्रशासनलाई अनुरोध गरेका छन् ।

‘विद्यार्थीहरूको चासो महत्वपूर्ण छ, प्रशासनको जिम्मेवारी संवैधानिक छ । दुवै पक्षले सहयोग र संयम अपनाए मात्र शैक्षिक वातावरण सामान्य अवस्थामा फर्किन्छ,’ संयुक्त धारणा पत्रमा उल्लेख छ ।

# लागूऔषध गाँजासहित एक युवक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा लागूऔषध गाँजासहित एकजना युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

सर्लाहीको लालबन्दीबाट ५२ किलोग्राम लागूऔषध गाँजासहित एक युवक पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । लालबन्दी नगरपालिकाको चुरेवर्ती क्षेत्र वडा नम्बर १४ स्थित नारायणखोलाका २५ वर्षीय गंगाबहादुर वाइवा ठुलो परिमाणमा लागुऔषध लिएर आउँदै गर्दा पक्राउ परेका छन् ।

वाइवालाई बा १२ च ४७१० नम्बरको पिकअप भ्यानमा गाँजा लोड गरेर लालबन्दी बजारतर्फ आउँदै गर्दा लालबन्दी नगरपालिका-११, हिरापुरबाट पक्राउ गरिएको सर्लाही प्रहरीले जनाएको छ ।

लागूऔषध गाँजासहित पक्राउ परेका वाइवालाई सर्लाही जिल्ला अदालतबाट लागूऔषधसम्बन्धी मुद्दामा ६ दिन म्याद थप गरी अनुसन्धान एवम् कारबाही अघि बढाइएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले जानकारी दिए । नारायणखोलातर्फबाट गाँजा ल्याइँदै गरेको सूचना पाएपछि इन्स्पेक्टर जोहारीको नेतृत्वमा प्रहरी परिचालन भएको थियो ।

# राजश्रीको करोडौँको आम्दानी

**बखतियार अलि**

मलंगवा । राजश्री सेविग्स एण्ड क्रेडिट को-आपरेटिभ सोसाइटी लिमिटेड सर्लाहीले कराडौंको निक्षेप संकलन गरेको जनाएको छ ।



कार्यालयका अनुसार ९० करोड ८७ लाख शेयर पूँजी, २२ अर्ब ३३ करोड ८८ लाख निक्षेप संकलन, १५ अर्ब ३४ करोड ४ लाख ऋण लगानी र १ करोड ३४ लाख ४७ हजार नाफा गरेको छ ।

राजश्री संस्था देशकै नम्बर १ संस्था बन्न सफल भएको मधेश प्रदेशसभा सदस्य तथा प्रदेशको पूर्व अर्थमन्त्री संजय यादवले बताए ।

राजश्री संस्थाको २५ औं बार्षिक साधारण सभालाई संचालक समितिको तर्फबाट अध्यक्ष नागेन्द्र प्रसाद यादवले २५ हजार शेयर पूँजीबाट संचालन भएको यो संस्था २५ औं वार्षिक साधारण सभा सम्म आउँदा यसको कुल शेयर पूँजी ९० करोड ८७ लाख ३ सय २५ रुपैयाँमा पुगेकाले आफू निकै हर्षित भएको अध्यक्ष यादवले बताए । यस संस्थामा कार्यरत कर्मचारी, फिल्ड कार्यकर्ता, शेयर धनी सबैको मेहनत लगनशीलताले नम्बर एक संस्था बन्न सफल भएको अध्यक्ष यादवले बधाई तथा धन्यवाद व्यक्त गरे ।

मुख्य प्रबन्धक राजनहरि श्रेष्ठले साधारण सभालाई सम्बोधन गर्दै राजश्री संस्था मलंगवाबाट शुरु भएर अहिले अधिराज्य भरिको १४ ठाउँमा सेवा केन्द्र संचालन गरेर सेवा प्रवाह गरिरहेको छ ।

राजश्रीको १४ वटै सेवा केन्द्रहरुले गरेको उत्कृष्ट कामले गर्दा आज यो संस्था सफल भएको उल्लेख गरे । आम नेपाली जनताको विश्वास र कर्मचारीहरुको कठोर मेहनतले गर्दा संस्था आज यो स्थानमा पुगेको मुख्य प्रबन्धक श्रेष्ठको भनाइ थियो । संस्थामा आवद्ध सबैजना बधाइ र सम्मानको पात्र रहेको प्रबन्धक श्रेष्ठले थप्दै भने ।

राजश्रीको २५ औं वार्षिक साधारण सभाको अवसरमा देशभरिमा रहेका सेवा केन्द्रहरुमा कार्यरत फिल्ड कर्मचारीहरुबाट सबै भन्दा बढि निक्षेप संकलन गर्ने ३ जनालाई सम्मानित गरिएको छ । जसमा ९ करोड ४८ लाख ५६ हजार बढि निक्षेप संकलन गरेर जनकपुर सेवा केन्द्रका फिल्ड कर्मचारी सुनिल प्रसाद सिंह प्रथम, ७ करोड ९६ लाख ९६ हजार बढी निक्षेप संकलन गरेर मलंगवा सेवा केन्द्रका खुशिलाल राय दोस्रो र ७ करोड बढि निक्षेप संकलन गरेर सिरहा सेवा केन्द्र लहानका लिलेश्वर भगतले तेस्रो स्थान प्राप्त गरेका छन् । बढी निक्षेप संकलन गर्ने ३ जनालाई संस्थाका अध्यक्ष यादव तथा पुर्व अर्थ मन्त्री यादवले कदर-पत्र तथा पुरस्कारबाट सम्मानित गरेका थिए ।

कार्यक्रममा मलंगवा जेसिजका छात्राहरुले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । जसले गर्दा संस्थाको बार्षिक साधारण सभा मनोरम बनेको थियो ।

# सवारी दुर्घटनामा एकको मृत्यु, एकै परिवारका तीन घाइते

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा सवारी दुर्घटना हुँदा एकै परिवारका तीनजना घाइते भएका छन् भने एकजनाको मृत्यू भएको छ ।

उक्त दुर्घटना भएलगत्तै शनिबार दिउँसोदेखि अवरुद्ध पूर्वपश्चिम राजमार्ग झण्डै डेढ घण्टासम्म अवरुद्ध रहेको थियो । रौतहटको चन्द्रनिगाहपुर स्थित मोथियाही पुलनजिक भएको सवारी दुर्घटनाका मृतकका आफन्तले क्षतिपूर्तिको माग राखेर राजमार्ग बन्द गराएका थिए ।



रौतहट प्रहरीमाथि पीडितका आफन्तले ढुंगामुडा गर्न थालेपछि केही बेर स्थिति तनावपूर्ण भएको थियो । स्थानीय र प्रहरी मिलेर पीडित तथा आफन्तजन पक्षलाई मिलाएपछि अवरुद्ध सडक करिब डेढ घण्टापछि खुलेको थियो ।

पीडित पक्ष र सरोकारवालाबीच क्षतिपूर्तिका लागी भएको छलफलमा सहमति जुट्न नसकेपछि प्रहरीले सडक अवरुद्ध गर्न बसेकालाई सम्झाएको थियो । त्यस क्रममा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डीएसपी रुपा लाबुङमाथि नै प्रदर्शनकारीले दुर्व्यवहारको प्रयास गरेका थिए । कानुनी उपचार खोज्न र सहमतिमा आउन डीएसपी लाबुङले पटकपटक अनुरोध गरे पनि उनीहरुले नमानेपछि प्रहरीले सामान्य बल प्रयोग गर्न खोजेको थियो । तर प्रदर्शनमा उत्रेकाहरुले अन्धाधुन्दा ढुंगामुडा गर्न थालेपछि स्थिति तनावग्रस्त बनेका थियो ।

प्रदर्शनकारीले हानेको ढुंगा लागेपछि स्थानीयले प्रहरीलाई साथ दिएका थिए । त्यसपछि प्रदर्शनकारीहरु तितरबितर भएका थिए ।

चन्द्रपुर नगरपालिका-६ स्थित मोथियाही पुलनजिक चपुर-गौर खण्डमा शुक्रबार साँझ गौरबाट चन्द्रनिगाहपुरतिर आउँदै गरेको ना ४ ख ६५४७ नम्बरको बस र विपरीत दिशाबाट जाँदै गरेको ना ३९ प ४२४० नम्बरको मोटरसाइकल ठोक्किँदा बृन्दावन नगरपालिका-२ स्थित विश्रामपुरका ४० वर्षीय नागेन्द्र पटेलको मृत्यु भएको थियो । घटनापछि मृतकका परिवार र बस सञ्चालकबीच क्षतिपूर्तिको विषयमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा छलफल भएको थियो । पीडितले कानुनले तोकेभन्दा बढी रकम मागेपछि सहमति हुन सकेको थिएन ।

मोटरसाइकलमा मृतक पटेलका दुई छोरा र एक छोरी चढेका थिए । रौतहट प्रहरीका अनुसार पटेलका छोरा १२ वर्षीय युवराजको निधारमा, ११ वर्षकी छोरी आकृतिको खुट्टा र टाउकोमा तथा अर्का १५ वर्षीय छोरा प्रिन्सकुमारको खुट्टा, हात र निधारमा चोट लागेको छ ।

रौतहट प्रहरीले चन्द्रपुर-८ घर भएका बसका चालक अमृतबहादुर विकलाई पक्राउ गरिसकेको छ । रौतहट प्रहरीका प्रहरी उपरीक्षक रबिन कार्कीले पीडित पक्षसित वार्ता गरेर बाटो खुलाउने प्रयास गरे पनि सहमति हुन नसकेको जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८